जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ •अंक २६७ • २०८२ साल फाल्गुन १२ गते मंगलबार (24 February, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

# जसपाद्वारा १५ जना निष्कासित

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादीपार्टी(जसपा)महोत्तरीले पार्टी उम्मेदवारलाई नसघाएको आरोप गाउँदै जनप्रतिनिधिसहित १५ जना नेतालाई पार्टीबाट निष्कासन गरेको छ।

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको अधिकारिक उम्मेदवारविरुद्ध गतिविधि नगर्न/गराउन पटक पटक सचेत गराउँदा पनि नमानेपछि निष्कासन गरिएको जसपा नेपाल महोत्तरीले प्रेस विज्ञप्ति मार्फत जानकारी गराउँदै निष्कासन गरिएका नेताहरुको नामावली पनि सार्वजनिक गरिएको छ।

निष्कासन गरिएका जनप्रतिनिधिहरुमा जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनार, पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादव, पिपरा गाउँपालिकाका उपाध्यक्ष वन्दना पाण्डेय र गौशाला नगरपालिका १२ का अध्यक्ष कुशेश्वर सिंह रहेका छन्।

त्यस्तै पार्टीका नेताहरुमा गौशाला नगरपालिका वडा नम्बर २ का कुमरकान्त मिश्र, गौशाला नगरपालिका वडा नम्बर १० का शेष जाली, गौशाला नगरपालिका वडा नम्बर ४ का सविता कुमारी देवी, मटिहानी नगरपालिका वडा नम्बर ५ का रामनन्दन यादव, मटिहानी नगरपालिका वडा नम्बर ३ का मोजिम राइन, जलेश्वर नगरपालिका वडा नम्बर २ का संतोष साह, पिपरा गाउँपालिका वडा नम्बर ५ का रामप्रकाश यादव, शम्भु यादव, पिपरा गाउँपालिका वडा नम्बर १ का राहुल पाण्डेय, एकडारा गाउँपालिका वडा नम्बर ३ का श्याम यादव र एकडारा गाउँपालिका वडा नम्बर ५ का हरिनारायण मण्डल रहेका छन्।

श्याम यादव र हरि नारायण मण्डललाई पार्टी केन्द्रीय समितिमा र वन्दना पाण्डेयलाई प्रदेश समितिमा निष्कासनको लागि सिफारिस गरिएको जनाइएको छ। पार्टीका महोत्तरी जिल्ला अध्यक्ष रामबाबु साह र रामनरेश रायले जारी गरेको विज्ञप्तिमा पार्टीको अनुशासन, विधान र हितको रक्षा गर्दै आगामी निर्वाचनमा सबैले पार्टी उम्मेदवारको समर्थन गर्नुपर्ने भनेका छन्।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ बाट जसपा नेपालका संरक्षकसमेत रहेका राष्ट्रियसभा सदस्य महन्थ ठाकुरले आफ्नो छोरी मिनाक्षी ठाकुरलाई उम्मेवार बनाएपछि असन्तुष्टि जनाउँदै हरिनारायण यादवले बागी उम्मेदवारी दिएका छन्।

## वीरगञ्जमा कर्फ्यु आदेश हटाइयो

# तीन बुँदे सहमति, गौरमा २२ जनामाथि मुद्दा, अनुसन्धान तीव्र




**टुडे समाचारदाता**

जनकपुरधाम। रौतहटको सदरमुकाम गौरमा दुई समुदायबीच भएको झडप सेलाउन नपाउँदै वीरगञ्जमा समेत फैलिएको छ । गौरमा आइतबार भएको सहमति कार्यान्वयन नभएपछि अबेर साँझ अर्को सहमति गरी सोमबार सद्भाव ऱ्याली निकालियो । तर अर्कोतर्फ पर्साको वीरगञ्जमा भने दुई समुदायको विवादले उग्र रुप लिएपछि अवस्था तनावपूर्ण बनेको थियो । सो अवस्थालाई मध्यनजर गर्दै सोमबार बसेको सरोकारवालाको सर्वपक्षीय बैठकबाट तीन बुँदे सहमति गरी कर्फ्यु आदेश हटाइएको छ।

त्यस्तै गौर नगरपालिका-६ स्थित सवगढामा भएको दुई समुदायबीचको दंगा भड्काएको आरोपमा २२ जनाविरुद्ध आपराधिक उपद्रोह तथा आगजनी कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले जनाए अनुसार जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जमशैद र वडा नम्बर ६ का वडाध्यक्ष अवधविहारी साहलाई आवश्यक परेको बेला उपस्थित गराउने शर्तमा जिम्मा जमानीमा रिहा गरिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी विष्णुप्रदीप वस्यालले जानकारी दिएअनुसार गएको शनिबार सबगढा घटनालाई उक्साउँदै तोडफोडमा संलग्न रहेको आरोपमा शुभनारायण साह र समिर मियाँलाई थप पक्राउ गरिएको छ।

डिएसपी वस्यालका अनुसार दुई जनासहित २२ जनाविरुद्ध मुद्दा दर्ता भइ प्रहरीले सूक्ष्म अनुसन्धान गरिरहेको जनाइएको छ। जिम्मा जमानीमा रिहा गरिएका जमशैद, वडाध्यक्ष विहारीसहित तीन जनाको मोबाइल प्रहरी नियन्त्रणमा लिइएको र मोबाइल परीक्षणका लागि काठमाडौं पठाइने तयारी गरिएको छ। परीक्षणका क्रममा दोषी ठहर हुने प्रमाण फेला परेमा सोही कसुर अनुसार पुनः नियन्त्रणमा लिएर कारबाही गरिने रौतहट प्रहरीले जनाएको छ।

सुरक्षा निकायले घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान तथा खोजी कार्य निरन्तर जारी रहेको जनाएको छ। प्रशासनले शान्ति-सुरक्षा कायम राख्न सबै पक्षलाई संयमित रहन आग्रह गरेको छ।

प्रहरीका अनुसार मुद्दा दर्ता गरिएका व्यक्तिहरूमा शेख अलियास, शेख अरमान, रितेश कुमार राम, रितिक कुमार यादव, दिपेन्द्र चन्द्रवंशी, विनोद कुमार साह, शेख रहमतुल्लाह, शेख मैनुदिन, अब्दुल रुमान, दिपलाल पासवान, ललन साह, शेख निराले, शेख सागिर, अहमद राजा, सर्फुदिन अन्सारी, अफरोज महम्मद, दिपक कुशवाहा, अब्दुल समिर, बिहान साह र महम्मद कैफलगायत रहेका छन्।

## वीरगञ्ज साम्य

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकामा दुई समुदायबीचको विषयलाई लिएर आइतबार देखि उत्पन्न तनाव साम्य पार्न तीन बुँदे निर्णय गरिएको छ।

वीरगञ्जमा सोमबार साँझ जिल्ला प्रशासन कार्यालय पर्सामा सद्भाव समितिको अग्रसरतामा बसेको बैठकले प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका अगुवा तथा हिन्दु-मुस्लिम समुदायका प्रतिनिधिको सहभागितामा उक्त निर्णय गरेको छ।

वीरगञ्ज-११ स्थित श्रीपुरमा आइतबार बेलुकी भएको घटनाका दोषीलाई कानुनी दायरामा ल्याउने, पीडित पक्षबाट जाहेरी लिई आवश्यक प्रक्रिया यथाशीघ्र अघि बढाउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिए। दोषीलाई कानुनी कारबाही गर्न धार्मिक अगुवाले समेत सहजीकरण गर्ने सहमति भएको उनले बताए।

उक्त बैठकले व्यक्तिगत घटना वा दुर्घटनालाई लिएर धार्मिक तथा सामाजिक सद्भाव खल्बल्याउने, दुष्प्रचार गर्ने, सामाजिक सञ्जालमा भड्काउने सामग्री भाइरल बनाउने तथा हेट स्पीच प्रसारण गर्नेलाई साइबर कानुन तथा प्रचलित कानुनअनुसार तत्काल कारबाही गर्ने निर्णय गरेको छ । उक्त जानकारी तबरेज अहमदले दिए।

यसका साथै आगामी दिनमा धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न नागरिक समाज, राजनीतिक दल, मिडियाकर्मी, धार्मिक तथा सामाजिक अगुवा र जनप्रतिनिधिले आ-आफ्नो निकायबाट शान्ति र सहिष्णुताको सन्देश सहित विज्ञप्ति जारी गर्ने निर्णय समेत गरिएको छ।

यसैबीच जिल्ला सुरक्षा समितिको बैठकद्वारा सोमबार लगाइएको अनिश्चितकालीन कर्फ्यु आदेश हटाउने सहमति गरिएको छ।

## सवारी दुर्घटना प्रकरणः

# दुर्घटना न्यूनीकरण प्रतिवेदन अलपत्र

**टुडे समाचारदाता**

काठमाण्डु । पोखराबाट काठमाण्डु आउँदै गरेको ग२ख १४२१ नम्बरको यात्रुबाहक बस गए राति धादिङको बेनिघाट रोराङ गाउँपालिका-५ भैंसीगौडास्थित पृथ्वी राजमार्गबाट त्रिशूली नदी किनारमा खस्दा दर्जनभन्दा बढीको मृत्यु भएको छ।



मध्यराति नै उद्धारमा खटिएको सुरक्षाकर्मीको टोलीले राजमार्गबाट बस देखिए पनि तल झेरर उद्धार गर्न करिब आधा घण्टा लागेको थियो । ठाडो भिरका कारण आधा घण्टाको प्रयासपछि सुरक्षाकर्मी बस भएको ठाउँमा पुगेका थिए।

२०० मिटरको ठाडो भिरबाट तल खसेकाले बस कच्याकुचुक भएको थियो । सुरक्षाकर्मीहरूले जसोतसो शव र घाइतेहरूलाई बसबाट निकाले पनि सडकमा ल्याउन समय लागेको धादिङ प्रहरीका डीएसपी प्रकाश दाहालले बताए।

नेपाली सेनाको भैरव गणको टोली, सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन वेश आदमघाटबाट डीएसपी सुनिल गिरीको कमाण्डमा र विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट गोताखोर सहितको टोली उद्धारमा खटिएको थियो।

सशस्त्र र पर्यटन व्यवसायीको ऱ्याफ्ट बोटमार्फत करिब एक किलोमिटर तल पुऱ्याएपछि सडकमा निकालेर एम्बुलेन्समार्फत अस्पतालसम्म लगिएको थियो । सुरुमा मलेखुस्थित राजमार्ग सामुदायिक अस्पताल, टिचिङ अस्पताल प्राथमिक उपचार गरेपछि थप उपचारका लागि काठमाण्डु पठाइएको छ।

कलंकीस्थित नेसनल मेडिकल कलेजमा १० जना र राष्ट्रिय ट्रमा सेन्टरमा १४ जनाको उपचार भइरहेको छ। २५ जनालाई काठमाडौं पठाइएकोमा एक जनाको मृत्यु भएको छ।

बस दुर्घटनाको कारण भने खुल्न सकेको छैन । तर प्रहरी स्रोतका अनुसार चालकको पहिचान हुन सकेको छैन।

४५ सिट क्षमताको उक्त बस दुर्घटना हुँदा चालक, सहचालकसहित ४४ जना थिए। बसमा क्षमताभन्दा बढी यात्रु नरहेको, बस पुरानो पनि नरहेको, बाटोको अवस्था पनि राम्रो रहेकाले दुर्घटना के कारणले हुन गएको भन्ने विश्लेषण गर्न सुरक्षाका निकायलाई चुनौती थपिएको छ। सबै अवस्था ठिकठाक देखिएकाले तीव्र गति वा चालकको गल्तीका कारण दुर्घटना भएको हुनसक्ने प्रहरीको आशंका छ।

बस दुर्घटनापछि गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृह मन्त्रालयमा बैठक बसेको थियो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रमुख, यातायात व्यवसायी महासंघका प्रतिनिधिहरूसहित बसेको बैठकले छानबिन समिति गठन गर्ने निर्णय गरेको छ।

उक्त समितिले दुर्घटनाको सत्य-तथ्य पत्ता लगाउने र दिएका सुझावहरू कार्यान्वय गर्ने निर्णय भएको मन्त्रालयका सहप्रवक्ता रमा आचार्यले जानकारी गराईन्।

१९ जनाको मृत्यु र २५ जना घाइते भएको गए रातिको यो दुर्घटना १८ दिनको अन्तरमा भएको तेस्रो ठूलो दुर्घटना हो।

१८ दिनको अन्तरालमा यसअघि दुई ठूला दुर्घटना भएको छ। माघ २३ मा बैतडीमा पनि ठूलो दुर्घटना भएको थियो।

पुर्चौडी नगरपालिका-७ स्थित भौनीबाट जन्ती लिएर फर्किने क्रममा सोही वडाको बढ्गाउँ मोडमा बस दुर्घटना भएको थियो । सुदूरपश्चिम प्रदेश ०२-००१ ख ११९ नम्बरको बस दुर्घटना हुँदा त्यतिबेला १३ जनाको मृत्यु भएको थियो । बस बझाङको सुनकुडातर्फ जाँदै गर्दा सडकबाट करिब २०० मिटर तल बस खसेको थियो।

यसको चार दिनपछि रामेछापमा अर्को ठूलो दुर्घटना भएको थियो । माघ २७ मा काठमाण्डुबाट ओखलढुंगा जाँदै गरेको बस रामेछापस्थित तामाकोशी नदीमा खस्दा १२ जनाको ज्यान गएको थियो।

सडकबाट नदीमा खसेको बस गोताखोरमातर्फत उद्धार गरिएको थियो। नदीबाट सुरक्षाकर्मीहरूले शव निकालेका थिए । १८ दिनको बीचमा भएका यी तीन ठूला दुर्घटनामा ४४ जनाको मृत्यु भएको थियो।

त्यस्तै ठूला दुर्घटना भएपछि सरकारले छानबिन समितिहरू बनाउँदै आएको छ। सरकार दुर्घटनाको केही दिनमा विशेष चासो राखे जसरी छानबिन समिति गठन गर्ने र कार्यान्वयन गर्ने प्रतिवद्धतासमेत जनाउँदै आएको छ।

२०८१ असार २८ मा नारायणगढ-मुग्लिन सडकअन्तर्गत सिमलतालमा दुई वटा दुर्घटना भएपछि गृह मन्त्रालयले तत्कालीन सहसचिव छवि रिजालको संयोजकत्वमा समिति नै गठन गरेको थियो। उक्त समितिले प्रतिवेदन बुझाउँदै दुर्घटनाको कारण आगामी दिनमा सुधार गर्नुपर्ने विषयहरू समेटेर सुझावसमेत दिएको थियो । प्रतिवेदनमा दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा परिषद् गठन गर्नुपर्ने सुझाव दिएको थियो। सडक सुरक्षा ऐन निर्माण गरिनुपर्ने, राजमार्गमा अटोमेटेड भेइकल मोनिटरिङ सिस्टम, भेइकल इन्ट्री मेकानिजम राख्नुपर्ने जस्ता सुझाव दिएको थियो। तर ती सुझावहरू अहिलेसम्म पनि सरकारले कार्यान्वयनमा ल्याउन सकेका छैनन्।

राजमार्गका निश्चित दूरीहरूमा रिफ्रेसमेन्ट सेन्टर स्थापना गर्नुपर्ने, भेइकल फिटनेस सेन्टरको स्थापना गर्नुपर्ने, टाइम कार्ड लागु गर्नुपर्ने, राजमार्गमा हुने तीव्र गतिको जाँच गर्न सर्भिलेन्स र मोनिटरिङ सिस्टम हुनुपर्नेलगायतका सुझाव समितिले दिएको थियो। तर त्यतिबेला प्रतिवेदन सार्वजनिक हुँदा तत्कालीन गृहमन्त्री रमेश लेखकले समितिले दिएका सुझावहरू कार्यान्वयन गर्ने भनेका थिए।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार ढलेपछि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । तर अहिलेसम्म यस्ता प्रतिवेदनहरू कार्यान्वय नहुँदा नागरिकले सवारी दुर्घटनामा मृत्यु हुने क्रम भने रोकिएको छैन।



# राजनीतिक दलको चुनावी प्रतिबद्धतामा जलवायु परिवर्तनका मुद्दा




काठमाण्डु । प्रमुख राजनीतिक दलले जलवायु परिवर्तनको मुद्दालाई आफ्नो घोषणापत्रमा महत्वका साथ समावेश गरेका छन् । जलवायु परिवर्तनका कारण मुलुकले ठूला समस्या भोग्नु परेको तथा जनजीवन समेत प्रभावित हुन थालेपछि यसपटक विशेष रुपमै यस विषयलाई प्राथमिकतामा राखेका हुन् ।

जलवायु परिवर्तन हुनुमा नेपालको भूमिका कम भएपनि प्रभावका हिसाबले जोखिमयुक्त देशका रुपमा रहेको, हिमाली क्षेत्रमा प्रत्यक्ष रुपमा समस्या देखिन थालेकाले पनि राजनीतिक दलले यस विषयलाई नीतिगत रुपमा प्राथमिकतामा राखेका हुन् । नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीले प्रष्ट रुपमा जलवायु परिवर्तनका मुद्दालाई आफ्नो घोषणापत्रमा समावेश गरेका छन् । अन्य राजनीतिक दलले पनि यस विषयलाई आफ्नो घोषणापत्रमा समावेश गरेर यो विषय साझा हो भन्नेमा स्पष्ट पारेका छन् ।

हिमालमा हिउँ छैन । अत्यधिक वर्षा, न्यून वर्षा अनि बेमौसममा पर्ने पानीका कारण हरेक बर्ष नेपालले ठूलो समस्या र जटिलता भोग्दै आएको छ । ग्रामीण बस्तीमा पानीको मुहान सुक्दै गएको छ । पिउने पानीको खोजीमा मानिस भौतारिनुपर्ने अवस्था छ । स्वच्छ पिउने पानी संविधान प्रदत्त मौलिक हक भित्र पर्ने भएपनि स्रोतको अभावमा आम नागरिकले हैरानी भोग्नु परेको छ ।

नेपाली कम्युनिस्ट पार्टीले जैविक विविधतामा आधारित प्राङ्गारिक, वातावरणमैत्री, र जलवायु अनुकूल कृषि प्रणालीलाई प्राथमिकतामा राखेको छ । उत्पादन वृद्धिसहित देशलाई प्राङ्गरिक मुलुक घोषणा गर्ने नेकपाको संकल्प रहेको छ । हानीकारक रासायनिक विषादी नियन्त्रण गरी जैविक विविधता र रैथाने बाली संरक्षण गर्ने नीति नेकपाको छ । जनस्वास्थ्य र जैविक सुरक्षाका आधारमा 'जिएमओ' बाली प्रयोगमा प्रतिबन्ध लगाउने कार्यक्रमलाई नेकपाले आफ्नो प्रतिवद्धतापत्रमा उल्लेख गरेको छ । यो जलवायु परिवर्तनसँग लड्ने एउटा महत्वपूर्ण आधार हो ।

नेकपाले हरित अर्थतन्त्रको प्रवर्द्धनमा जोड दिएको छ । उद्योग, व्यवसाय, कार्यालय तथा प्रतिष्ठानले वातावरणमैत्री विधिहरु अवलम्बन गर्नुपर्नेछ । कार्बन मूल्य निर्धारणका लागि नीति निर्माण गरी कार्बन व्यापारका लागि स्पष्ट कानुनी र संस्थागत आधार तयार पार्ने लक्ष्य राखेको छ ।

नयाँ बन्ने नीतिले कार्बन उत्सर्जन घटाउने परियोजनालाई प्रोत्साहन दिई काबन क्रेडिटको उत्पादन, खरिद बिक्री र नियमनको व्यवस्था गर्ने विषयलाई नेकपाले आफ्नो वाचापत्रमा समावेश गरेको छ । नेपालले सन् २०४५ सम्म 'नेट जिरो इमिसन'को लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिएको सन्दर्भमा नेकपाले कार्बन उत्सर्जन कम गर्दै जाने महत्वाकांक्षी लक्ष्यलाई प्रमुख प्राथमिकतामा राखेको छ । हरित गृह ग्यास उत्सर्जनका कारण पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनले जनताको जीवनमा पर्ने जोखिम कम गर्न अनुकूलन र न्यूनीकरणको कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

पृथ्वीको बढ्दो तापमान तथा जलवायु परिवर्तनका मुद्दालाई अन्तर्राष्ट्रियकरण गरी जलवायु संकटले हिमाली देशहरुमा उत्पन्न गरेको जोखिमबारे विश्वव्यापी रुपमा ध्यानाकर्षण गर्दै नेपालको नेतृत्वमा सरोकारवाला मुलकको सञ्जाल निर्माण गर्न पहल गर्ने योजना नेकपाले अगाडि सारेको छ ।

हिमाल बचाऔँ अभियान सञ्चालन गर्ने, जलवायु परिवर्तनसँग सम्बद्ध विश्व सम्झौताहरुद्वारा स्थापित हरित जलवायु कोष, नोक्सानी क्षतिपूर्ति कोषजस्ता वित्तिय कोषको रकम तथा अन्य अवसरहरुको अधिकतम उपयोग गर्नका लागि विशेष कुटनीतिक साथै प्राविधिक पहल गर्ने नेकपाको योजना छ । विपद्को सम्भाव्य जोखिममा रहेका स्थानमा विपद् न्यूनीकरण पूर्वाधार निर्माण गर्ने, पूर्व तयारी संयन्त्रको प्रभावकारी कार्यान्वयन गर्ने विषय हालसम्मकै नयाँ कार्यक्रमको रुपमा नेकपाले लिपीबद्ध गरेको छ ।

प्राकृतिक प्रकोप तथा विपद प्रभावित बाढी पहिरो, भूकम्पजस्ता विपदबाट प्रभावित परिवारलाई तत्काल राहत, पुनः स्थापना र दीर्घकालीन जीविकोपार्जन योजना लागू गर्ने, विकासका योजना निर्माण गर्दा विपदजन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने नीति अवलम्बन गर्ने नेकपाको प्रतिवद्धतापत्रमा समावेश छ ।

ऊर्जा, यातायात, उद्योग र पूर्वाधार क्षेत्रमा संरचनागत सुधार गर्दै सन २०४५ सम्म नेटजिरो उत्सर्जन राष्ट्र बनाउने राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्ने कांग्रेसको योजना छ ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय मञ्चहरूमा विभिन्न प्रतिबद्धता जनाएको छ । यसअघि नै जलवायुसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन (कोप-२६) मा सहभागिता जनाउँदै नेपालले सन २०४५ सम्म नेटजिरो कार्बन उत्सर्जन राष्ट्र बनाउने घोषणा गरेका थिए । सोहीअनुरूप राष्ट्रिय निर्धारित योगदान (एनडिसी) र अनुकूलन योजना तयार भएका थिए । घोषित प्रतिबद्धतालाई ठोस परिणाममा बदल्न आवश्यक पर्ने वित्तीय स्रोत, प्रविधि, संस्थागत क्षमता र स्पष्ट कार्ययोजनाको सुनिश्चितताका लागि कांग्रेस विभिन्न संकल्प गरेको छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा पनि ऊर्जा, यातायात, उद्योग र पूर्वाधार क्षेत्रमा संरचनागत सुधार गर्दै सन २०४५ सम्म नेटजिरो उत्सर्जन राष्ट्र बन्ने राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्ने उल्लेख छ ।

औद्योगिक तथा घरायसी क्षेत्रमा प्रयोग हुने ऊर्जालाई वातावरणमैत्री बनाउन स्वच्छ र नवीकरणीय ऊर्जाको अनुपातमा उल्लेख्य वृद्धि गर्ने लक्ष्य प्रतिज्ञा पत्रमा राखिएको छ । वातावरण तथा वन संरक्षण, कार्बन उत्सर्जन कटौती, हरित अर्थतन्त्र र विपद्को पूर्वतयारीमार्फत बढ्दो प्रदूषण र जलवायु परिवर्तन, प्राकृतिक विपद्ले जनस्वास्थ्य र जनजीविकामा पारेको गम्भीर संकटलाई न्यूनीकरण गर्ने कांग्रेसको प्रतिवद्धता छ ।

संविधानले प्रत्याभूत गरेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने मौलिक हकलाई व्यवहारमा उतार्दै हावा, पानी, भूमि र खाद्य प्रणालीका लागि कडा राष्ट्रिय वातावरणीय मापदण्ड लागू गर्ने कांग्रेसको प्रतिज्ञा छ । त्यसैगरी कांग्रेसले विकास तथा वातावरण सन्तुलनसहित हरित विकास गर्ने लक्ष्य राखेको छ ।

पूर्वाधार, सहरी विकास, उद्योग र सार्वजनिक सेवामा न्यून कार्बन र वातावरणमैत्री प्रविधिको अनिवार्य प्रयोग गर्दै विकास र वातावरणबीच सन्तुलन कायम गर्ने कांग्रेसको प्रतिबद्धता छ । कांग्रेसले मुलुकको कूल वन क्षेत्र कम्तीमा ४६ प्रतिशत कायम राख्दै वन, जैविक विविधता, भू तथा जलाधार, सिमसार, ताल र पोखरी र प्राकृतिक पारिस्थितिक प्रणालीको संरक्षण गर्ने जनाएको छ ।

ग्रीन क्लाइमेट फण्ड, लस एण्ड ड्यामेज फण्ड, विश्व बैंक र एसियाली विकास बैंक जस्ता अन्तरराष्ट्रिय स्रोतबाट प्राप्त हुने जलवायु वित्तलाई आगामी दिनमा रणनीतिक, परिणाममुखी र समन्वित रूपमा परिचालन गर्ने सो दलको भनाइ छ । यसैगरी कांग्रेसले निजी क्षेत्र तथा वैदेशिक लगानीलाई आकर्षित गर्दै अन्तरराष्ट्रिय र आन्तरिक जलवायु वित्तका स्रोत पहिचान, प्राप्ति र प्रभावकारी उपयोग गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना निर्माण गर्ने जनाएको छ । जलवायु न्यायका लागि महिला, आदिवासी, सीमान्तकृत समुदायलाई केन्द्रमा राखी अनुकूलन कार्यक्रम, बिमा, रोजगारी र प्रत्यक्ष सहायताका कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जलविद्युत्, सौर्य, ग्रीन हाइड्रोजन समेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण र वितरणका आयोजनाहरु सम्पन्न गरी ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जा निर्यातक हबको रुपमा विकास गर्ने लक्ष्य राखेको छ । विद्युत् उत्पादन र प्रतिव्यक्ति विद्युत् उपभोग दोब्बर बनाउने लक्ष्य राखेको छ ।

एमालेले जलवायु अनुकूलनको क्षेत्रमा उपलब्ध जलवायु वित्तको निश्चित प्रतिशत रकम पानीका मुहान संरक्षण गर्नेजस्ता जलवायु उत्थानशील कार्यक्रमहरुमा परिचालन गरी खानेपानीको आपूर्तिलाई सुनिश्चित गर्ने कार्यक्रम अगाडि सारेको छ । जैविक विविधता, बस्ती विस्तार र मानव क्रियाकलापसँग सन्तुलन सुनिश्चित गर्ने, पानीको स्रोत, माटोको उर्वरता, खाद्य उत्पादन, स्थानीय जलवायु, वन जंगलजस्ता इकोसिस्टम सेवाहरुको संरक्षण गर्ने कार्यक्रम एमालेको छ । यस्तै, पानीको मुहान, ताल नदी, सीमसार क्षेत्रलगायत जलाधार क्षेत्रको संरक्षण गर्ने विषयलाई एमालेले प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले जलवायु परिवर्तन अनुकूलन तथा लचिलोपनलाई विकास योजना, पूर्वाार डिजाइन र बजेट प्रक्रियासँग जोड्ने कार्यक्रम अगाडि सारेको छ । राष्ट्रिय जलवायु वित्त रणनीति स्वीकृत गरी विश्वव्यापी जलवायु कोषहरुबाट नेपालले पाउनुपर्ने क्षतिपूर्ति र अनुदान प्राप्त गर्न उच्चस्तरीय कुटनीतिक पैरवी गर्ने सो दलको योजना छ । हिमाल र पर्यावरण जोगायन जलवायु परिवर्तनको मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा जलवायु नयायको रुपमा सशक्त ढंगले उठाउने, नेपाललाई पीडित राष्ट्रको पहिचानबाट माथि उठाउने सो पार्टीले आफ्नो वाचापत्रमा समावेश गरेको छ ।

जलवायु कुटनीति मार्गचित्र स्वीकृत गरी गरी आगामी जलवायु सम्मेलनहरुमा नेपालको एजेन्डा र मागहरुलाई उच्चस्तरीय र प्राविधिक रुपमा सशक्त बनाउने कार्यक्रम सो दलको छ । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी, उज्यालो नेपाल पार्टीलगायतले पनि जलवायु परिवर्तनका मुद्दालाई आफ्नो घोषणापत्रमा समावेश गरेका छन् ।रासस

## टिपरको ठक्करले ट्राफिक प्रहरीको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा टिपरको ठक्करबाट एक महिला ट्राफिक प्रहरीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका हवल्दार चन्द्रकला महतो रहेको जनाइएको छ । जनकपुरधामउपमहानगरपालिका-४ मुरलीचोकस्थित सिटिजन बैंक अगाडि भ्रमरपुराचोकबाट मुरलीचोकतर्फ आइरहेको क्रममा प्रदेश २-०३-००१



प ०१०४ नम्बरको टिपरले विपरीत दिशाबाट आएको प्रदेश २-०२-००२ प ७३५२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक महतो घटनास्थलमै मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले जनाएको छ । मृतक महतो बर्दिवासको पशुपतिनगर निवासी थिइन् । उनी सञ्चय कोषको रकम बुझ्न जनकपुरधाम आएका थिए । घटनामा संलग्न टिपर चालक र सवारीसाधन ट्राफिक प्रहरीले नियन्त्रणमा लिइसकेको जनाइएको छ ।

मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको र घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान जारी रहेको धनुषा प्रहरीका प्रवक्ता डिएसपी गणेशबहादुर बमले जनाएको छ ।

## अरगरियाको विदेहमा घरदैलो

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेका उम्मेदवार उमाशंकर अरगरियाले धनुषा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत विदेह नगरपालिका-५ मुडिवा र शहिदनगर नगरपालिका-७ धबौली र नेमुवाटोलमा घरदैलो कार्यक्रम गरेका छन् ।

चुनावी माहोल तात्दै जाँदा अरगरियाले स्थानीय बस्ती, टोल तथा समुदायमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गरेका हुन् । घरदैलोका क्रममा उम्मेदवार अरगरियाले आफूलाई जनताले दिएको विश्वासलाई विकासमार्फत प्रतिफल दिने प्रतिबद्धता व्यक्त गरे ।



सडक, खानेपानी, शिक्षा र स्वास्थ्य सेवाको पहुँच विस्तार आफ्नो मुख्य प्राथमिकता रहेको उनले बताए । 'स्थानीय समस्या स्थानीय तहबाटै समाधान हुनुपर्छ, त्यसका लागि नीति र स्रोत दुबै सुनिश्चित गरिनेछ,' अरगरियाले मतदातामाझ भने । कार्यक्रममा पार्टीका स्थानीय नेता कार्यकर्ता, युवाहरू तथा महिला समूहको उल्लेख्य सहभागिता देखिएको थियो । सहभागीहरूले क्षेत्रको पूर्वाधार विकास, बेरोजगारी र कृषि क्षेत्रका समस्याबारे उम्मेदवारलाई ध्यानाकर्षण गराएका थिए ।

## सप्तरीमा ७ हजार बढी सुरक्षाकर्मी

टुडे समाचारदाता

राजविराज । आसन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि सप्तरीमा ७ हजार भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने भएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी ७ हजार ३ सय ३५ जना सुरक्षाकर्मी परिचालन गरिने जनाइएको छ ।



निर्वाचन सुरक्षामा यहाँ ७ सयको सङ्ख्यामा नेपाली सेना परिचालन हुने राजविराज स्थित बरखगणका गणपति प्रमुख सेनानी सोवितबहादुर चन्दले जानकारी दिनुभयो । यस्तै जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार नेपाल प्रहरीका १ हजार ५ सय ८८ र निर्वाचन प्रहरी ३ हजार ८ सय ३७ जना परिचालन गरिने छ ।

निर्वाचन सुरक्षाकै लागि जिल्लामा सशस्त्र प्रहरी ८ सय २५ र सशस्त्रसँगै निर्वाचन प्रहरी ३ सय ८५ जना परिचालन हुने सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकीले जानकारी दिनुभयो । यसरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी गरी कुल ७ हजार ३ सय ३५ जना सुरक्षाकर्मी सप्तरीका परिचालन हुने बताइएको छ ।

सप्तरीमा रहेको स्थायी २९६, अस्थायी २ गरी २९८ मतदान स्थल मध्ये सुरक्षा विश्लेषणको आधारमा २०९ वटालाई अति सम्वेदनशील र ८३ सम्वेदनशील सुचीमा राखिएको छ । मतदाताहरूले सहज, भयरहित र निष्पक्ष मतदान सम्पन्न गराउन सोही अनुसारको सुरक्षा व्यवस्था मिलाइने जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक पुरीले बताउनुभयो ।


### सर्टिफिकेट हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा PCL Health Science (General Medicine) को तपसिल बमोजिमको सर्टिफिकेटहरु मिति २०८२/१०/२७ गते घरबाट जनकपुर आउने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**हराएको कागजातहरु :-**
(१) लाइसेन्स
(२) प्रोभिजनल
(३) माइग्रेशन
(४) Character Certificate
(५) Transcript Certificate

**नाम : शशि कुमार यादव**
**सिम्बोल नं.: ३०३५०**
**रजिष्ट्रेशन नं.: HA-११८६७-१३**
**ठेगाना:जि.ध. शहिदनगर न.पा.-२ चोराकोयलपुर**
**मो.नं. ९७०१३१५२५२**

### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** लगनशीलताले काममा उत्साह जगाउला ।
**वृष :** सामान्य प्रयासबाटै काममा सफलता मिल्ने ।
**मिथुन :** कुनै महत्वपूर्ण निर्णय गलत ठाउँमा पर्न सक्छ ।
**कर्कट :** पहिलेका कमी-कमजोरीलाई सुधार गर्न सकिनेछ ।
**सिंह :** आम्दानी वृद्धि हुनुका साथै मनोरञ्जन पूर्ण क्रियाकलापमा सहभागी हुन पाइनेछ।
**कन्या :** रोकिएको काम बन्नका साथै दिगो फाइदा हुन सक्छ ।
**तुला :** अरुका काममा ज्यादा समय खर्चनु पर्ने दिन छ ।
**वृश्चिक :** आर्थिक पक्ष सबल बन्नेछ भने चुनौतीहरु सजिलै पार लाग्नेछन् ।
**धनु :** व्यावसायिक काममा राम्रै फाइदा हुनेछ।
**मकर :** कर्मबल र सफलता वृद्धिको समय छ।
**कुम्भ:** अर्थ अभावले बन्न लागेको काम स्थगित हुने देखिन्छ ।
**मीन :** आश्वासन दिनेहरुले झुक्याउन सक्छन्। चुनौतीयुक्त समय छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**


### महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## संदर्भ : जनकपुरधाम साहित्य, कला तथा अन्तरराष्ट्रिय नाटक महोत्सव-२०८२

# रङ्ग-रस-विमर्शमय जनकपुरधाम

ब्लग :



श्यामसुन्दर शशि




फाल्गुन ५ देखि ८ गतेसम्म चलेको पाँच दिवसीय जनकपुरधाम साहित्य, कला तथा अन्तरराष्ट्रिय नाट्य महोत्सवको पाँचौ सृंखलामा जनककालीन शस्त्रार्थको भूमि,जनकपुरधाम रङ्गमय, रसमय र विमर्शमय बन्यो। विभिन्न जाति-जाति, पेशाकर्मी तथा बालबालिका सम्मिलित सांस्कृतिक पहिचानसहितको भव्य तथा सभ्य शोभायात्रा अवलोकन गरेर नगरवासीको अनुहार हर्षित भएको थियो। कार्यक्रमका सहभागीहरु गंभीर विषयमा गहकिला तर्क-वितर्क (विमर्श) गरेका थिए। पारम्परिक तथा आधुनिक मैथिली गीत-संगीत तथा नृत्यको रसास्वादन गरेर दर्शक आनन्दित भए। भंगिमा पटना, मिनाप जनकपुरसहितका उत्कृष्ट नाटक हेरेर प्रेक्षकहरु रमाए अनि मिथिला भोजन, मिथिला चित्रकला, हस्तकला, चित्रकला कार्यशालाको प्रदर्शनी तथा बालबालिका केन्द्रित वक्तृत्वकला, चित्रकला, कविता तथा लोकनृत्य प्रतियोगितामा बाल बालिकाहरुले प्रदर्शन गरेको प्रतिभा देखेर दर्शक दीर्घा मख्ख परे। यस प्रकार वहस, छलफल, गीत-संगीत र नाटक तथा बालबालिको प्रस्तुतिको पैकेज अवलोकन गरेर जुनसुकै उमेर, वर्ग, समुदाय, पेशा र रुचिका व्यक्तिहरुभन्न वाध्य भए- 'वाह ! गज्जव ! '

मधेश प्रदेश, शिक्षा तथा संस्कृति मन्त्रालय,




जनकपुरधाम उपमहानगर पालिका तथा राजर्षिजनक विश्व विद्यालय, नेपोभिट टायल्स प्रा.लि. लगायतका संघ संस्थासंगको सहकार्यमा मैथिली विकास कोषले आयोजन गरेको चार दिवसीय महोत्सवमा मिथिला र जनकपुरधामको स्वर्णिम इतिहासमाथि गंभीर छलफल



भएको थियो। मैथिली साहित्यलाई आधुनिक स्वरुप प्रदान गर्ने डा.धीरेश्वर झा धीरेन्द्र र भोलानाथ झा धुमकेतु तथा जानकी आँखा अस्पताल, राराव क्याम्पसको प्रशासनिक भवन निर्माण गर्ने सामाजिक अभियन्ता बौएलाल साहको व्यक्तित्व र कृतित्वमाथि गंभीर छलफल भयो। जसमा साहित्यकार रोशन जनकपुरी, तारानन्द वियोगी, हिमांशु चौधरी तथा मनिका झा सहभागी भएका थिए।

चार दिवसीय महोत्सवमा मिथिला र जनकपुरको इतिहास, मैथिली भाषा, साहित्य, कला, संस्कृति, मिथिला पेन्टिङसंगै जेन-जी आन्दोलन, विदेश पलायन, जलशंकट, पर्यावरण, महिला तथा युवा सशक्तिकरण आदि विषयमागंभीर वहस र छलफल भएको थियो।पृथ्वीनारायण शाहले नेपाल एकिकरणको नाममा मकवानपुरमाथि कब्जा गरेपछि जनकपुर गोर्खा राज्यमा समाहित भएको थियो। फरक सांस्कृतिक समुहका शाहवंशी शासकले सिंगै मुलुकमा 'एउटै राजा एउटै देश, एउटै भाषा, एउटै भेष।' को निती ल्याए यता नेपालका मिथिला, भोजपुरा, अवध, कोच, थारु, किरात, मगरात, नेवार आदि रैथाने भाषा र संस्कृति ओझेलमा परेको छ। 'मिथिलाको स्वर्णिम इतिहासको सम्झना, इतिहासमाथि गर्व गर्न तथा मिथिला सभ्यता पुर्नस्थापना गर्ने उद्येश्यले महोत्सवको आयोजन गरिएको हो।' मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको प्रतिकृया थियो।

महाकवि चन्दा झा मिथिलाको सीमाबारे लेखेका छन् -

*'गंगा बहथि जनिक दक्षिण दिशि पूर्व कौशिकी धारा।*
*पश्चिम बहथि गंडकी उत्तर हिम बल विस्तारा।*
*कमला त्रियुगा अमृता धेमुडा वागमती कृतसारा।*
*मध्य बहथि लक्ष्मण प्रमृति से मिथिला विद्यागारा॥'*

अर्थात् पूर्वमा कोशी, पश्चिममा गण्डकी, उत्तरमा महाभारत पर्वत सृंखला तथा दक्षिणमा गंगा नदी बीचको समतल भूभाग मिथिला हो। तिनतिरबाट नदीले घेरिएको भूभाग भएकोले मिथिलाको अर्को नाम तिरभूक्ति अर्थात् तिरहुत पनि हो। मिथिलावासी कहिल्यैपनि जलशंकटको सामना गर्नु परेको थिएन्। यहाँका नदी, कुवा, इनार, पोखरी वाह्रै महिना पानीले भरिभराउ हुन्थे तर विगत केहि वर्षदेखि मिथिला भूमिमा जलशंकट देखिन थालिएको छ। नदीहरुसुख्खा छन्। चापाकलमा पानी आउँन छाडेको छ। हिउदमा पनि चापाकल सुख्खा हुन्छ। जमिनमुनिको पानीको लेबल निरन्तर तल झर्दै छ। महोत्सवमा 'पग पग पोखरि, पियासल लोक' शिर्षकमा गंभीर विमर्श भएको थियो। जसमा साहित्यकार, पत्रकार तथा सामाजिक अभियन्ता नारायण वाग्ले, वातावरणविद सूर्यविनोद पोख्रेल, सुरेश शर्मा र रिंकु गायत्री मिश्र सहभागी थिए।

भाद्र २३ र २४ गते भएको जेन-जी पुस्ताको आन्दोलनले ३६ घन्टाभित्र मुलुकमा उथल पुथल मचायो। पठन पाठनमा लागेका, व्यावसायिक कैरियरको खोजीमा जुटेका जेन-जी पुस्ताले आन्दोलन किन गर्नु पऱ्यो ? आन्दोलनको उपलब्धी र क्षतिबारे विद्वत वहस भयो। शिर्षक थियो- 'उठलै किए बिहाडि ?' जसमा राजनीतिक विश्लेषक सी के लाल, राजनीतिक विश्लेषक तथा पत्रकार सुधीर शर्मा, राससका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झा विह्वल, जेन-जी अभियन्ता अर्चना थापा, डा.भास्कर गौतम तथा पत्रकार स्वेता सिंहा सहभागी थिए।

वैदेशिक रोजगारीमा गएका नेपालीहरुले पठाएको रेमिटेन्स नेपाली अर्थतन्त्रको मुख्य आधार हो तर विदेशी भूमिमा रोजीरोटीको खोजीमा गएका नेपालीहरु हतियारविनाका सैनिक जस्तै छन्। वार्षिक झण्डै २ हजार युवा विदेशबाट अंग भंग भएर वा मृत्यु वरण गरेर नेपाल फर्किन्छन्। युवाहरुको यस भावुक अवस्थाबारे छलफल गर्न 'लेवर सोल्जर'शिर्षकमा विमर्श भएको थियो। जसमा प्रा.डा. अमरप्रसाद यादव, प्रा.डा. सूर्यनाथ मिश्र, डा. भोगेन्द्र झा, डा.सोहन साह र जनकपुर टुडेका सम्पादक बृजकुमार यादव सहभागी भएका थिए।

जेन-जी आन्दोलनले सामाजिक सञ्जालको महत्व स्थापित गरेको छ। 'सामाजिक सञ्जाल अवसर आ चुनौती'विषयमा गंभीर वहस भएको थियो। जसमा उच्च अदालत जनकपुरका मुख्य न्यायाधिश टेकनारायण कुंवर, मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता डा.सुनिल रञ्जन सिंह, गोरखापत्र संस्थानका अध्यक्ष पत्रकार अखण्ड भण्डारी, अधिवक्ता रिंकु यादव, अमित झा र प्रियंका झा सहभागी थिए।

यसका अतिरिक्त 'स्त्रीवाद/गार्गीक दलानपर' शिर्षकमा महिला अधिकारबारे गभीर वहस भएको थियो। जसमा डा. कुमारी अर्पना, आरती झा, अनुपमा पुर्वे, आशु चौधरी, दीपिका चन्द्रा र स्नेहा झा सहभागी भएका थिए। श्यामसुन्दर शशिद्वारा लिखित ' जनकपुरधामके इतिहास' पुस्तकमाथि चर्चा भएको थियो। जसमा डा.रविन्द्र कुमार चौधरी, पत्रकार विरेन्द्र रमण र नित्यानन्द मण्डल सहभागी थिए।

मिथिलाञ्चलका शिक्षकहरुले सिंगै नेपाललाई साक्षर बनाएका छन् तर विडम्बना के छ भने आज सुगम भूगोल भएरपनि मधेश प्रदेशमा शिक्षा दुर्लभ भएको छ। 'सुगम प्रदेशमे दुर्लभ शिक्षा' विषयमा गंभीर वहस भएको थियो। जसमा रविन्द्र कुमार चौधरी, दीपक ठाकुर, विश्वलाल सिंह,



गणेश साह, अवधेश तिवारी, दिनेश आस्तिक, डिके चौधरी, प्रेम विदेह ललन, रेखा राय र पत्रकार महासंघ धनुषाका पूर्व सभापति अनिल कुमार मिश्र सहभागी भएका थिए।

चार दिवसीय महोत्सवमा विभिन्न विधाका २० शिर्षकमा विमर्श भएको थियो। अन्तिम दिन (शुक्रवार) साहित्यकार राजेन्द्र प्रसाद विमल र सामाजशास्त्रका विश्लेषक आहुतीको एकल अभिभाषणले मिथिला सभ्यता बारे गहकिला तथ्यहरु प्रकाशमा आएको थियो। यस पुरातन सभ्यतामाथि नेपाली राज्य सत्ताले गरेको थिचोमिचो तथा मिथिला सभ्यता पुर्नस्थापनाका मार्ग चित्र बारे छलफल भएको थियो।

साहित्यकार विमलले भनेका थिए- 'मिथिला सभ्यता पुनः प्राप्ति गर्न यसको खोजी गर्नु पर्दछ। गुमाएको गौरवमाथि शोक मनाउनु पर्दछ अनि पुर्नप्राप्तिको लागी प्रतिवद्धतासाथ अघि बढनु पर्दछ।' कोषद्वारा आयोजित यस महोत्सवबाट मिथिला सभ्यता पुर्नस्थापनाको दिसामा सकारात्मक भूमिका खेलेको उहाँको विश्लेषण थियो।

विमलका अनुसार, भौगोलिक भन्दा मानसिक औपनिवेशिकरण बढि खतरनाक हुन्छ। मानसिक उपनिवेशमा परेकाहरु आफ्नो स्वर्णिम इतिहासको् स्वामित्व लिन चाहदैनन्। आफ्नो भाषा, साहित्य, कला, संस्कृति, खान-पान, पोशाक र जीवनशैलीमाथि गर्व गर्दैनन्। शासकको जीवनशैलीमा रमाउँन खोज्छन्।

समाजशास्त्रका विश्लेषक आहूतीले काठमाण्डौ उपत्यकालाई भाषा, साहित्य, संस्कृतिसंगै लुगा रङाउने र धुने कला, मूर्तिकला, मिठाई र दही बनाउँने सिप मिथिला सभ्यताले नै सिकाएको मिथिला सभ्यता नेपाली राज्यसत्ताको उपेक्षाको कारण ओझेलमा परेको उद्घोष गरेका थिए। सुगौली संधी पूर्वको एउटा प्रसंग उद्घृत गर्दै उनले भनेका थिए- 'नेपालको भौगोलिक अखण्डता रक्षामा पनि मिथिला, भोजपूरा र अवधि भाषी (नेपाल तराई) हरुको ठुलो योगदान छ। ईष्ट इन्डियाका शासकहरुलाई यहाँका मूल निवासीहरुले नेपालमै बस्छु भनेकाको कारणले यो भूभाग आज नेपालमा हुने थिएन। भारतमा हुन्थे।

यसैगरि महोत्सवमा छलफल गरिएका भाषा, साहित्य, कला, संस्कृति, चित्रकला आदि विषयमा सहभागी हुन भारतबाट कथाकार अशोक, डा. तारानन्द वियोगी, डा.महेन्द्र नारायण राम, सियाराम झा सरस, डा.रविन्द्र कुमार चौधरी, डा. रमानन्द झा रमण, दिलिप कुमार झा, डा. विभा कुमारी, किशलय कृष्ण, दीपनारायण विद्यार्थी, प्रिती ठाकुर, अरुणाभ सौरभ, विकाश वत्सनाभ, किशोर केशवसहित पाँच दर्जन साहित्यकार, पत्रकार, नाट्यकर्मी सहभागी भएका थिए भने नेपालबाट मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि, मैथिली विकास कोषका संरक्षक तथा पूर्व सदस्य सचिव रमेश रञ्जन झा, साहित्यकार धीरेन्द्र प्रेमर्षि, साहित्यकार विभा झा, चित्रकार एस सी सुमन, फाइन आर्टका प्राध्यापक उमाशंकर साह, राजनीतिक तथा सामाजिक विश्लेषक तुलानारायण साह, सल्मा खातुन, प्रवीणनारायण झा,





पुरनेन्दु झा, कुमार भाष्कर, राजेश सक्सेनालगायत सहभागी थिए।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले उद्घाटन गरेको चार दिवसीय जनकपुरधाम साहित्य, कला तथा अन्तरराष्ट्रिय नाटक महोत्सवको समापन समारोहका प्रमुख अतिथि मधेस प्रदेश प्रमुख प्रा.डा. सुरेन्द्र लाभ कर्ण थिए। कार्यक्रममा शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीसहित आधा दर्जन मन्त्री र एक दर्जन अधिक सांसदहरु सहभागी भएका थिए।

आधुनिक र पारम्परिक गीत-संगीत एवं नाटकको प्रदर्शनले महोत्सवलाई रङ्गमय-रसमय र विमर्शमय बनाएको थियो। महोत्सवको क्रममा सलोनी मल्लिक, धीरज ठाकुर ग्रुप, कुमकुम चौधरी, लक्ष्मी पाण्डे, सुनिल मल्लिक, नवीन मिश्र, ललित कामत, संगीता देव, सोनु झा, श्रीश ठाकुर, सखि बहिनपा मैथिलानी समूह, किशलय कृष्ण, द विजडम ट्री विद्यालय बैण्ड, पण्डित अजय झा, मनमोहन थपलिया समूह, अविनाश झा समूह(कलकतियाबाली) समूह, मोहित खण्डेवाल समूह, प्रभु बलराम, हृदयदेव राय समूह, अमर आनन्द, रामनारायण ठाकुर, रविन्द्र झा, प्रियंका झा लगायतले गीत, संगीत तथा प्रहशनमा सहभागी भएका थिए। महोत्सवको क्रममा मिनापको छुतहा घैल, प्रियंका झाको कथा नहि भेटल, रंगदर्पणको जट-जटिन तथा भंगिमा पटनाको देसिल बयना नाटक प्रदर्शन गरिएको थियो।

समग्रमा चार दिवसीय जनकपुरधाम साहित्य,कला तथा अन्तराष्ट्रिय नाट्य महोत्सवले मिथिला नगरी जनकपुरधामलाई रंगमय,रसमय र विमर्शमय बनाएको थियो।






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

सम्पादकीय

# उच्छृंखल गतिविधिलाई निरुत्साहित गरौँ

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै जाँदा प्रचारप्रसारको क्रममा उच्छृंखल गतिविधि पनि बढ्दै गएको देखिएको छ। उम्मेदवारका समर्थकहरुले प्रचारप्रसारमा उच्छृंखल गतिविधि गर्न थालेपछि राजनीतिक दलहरुबीचमा तनाव बढ्दै जानु निर्वाचान संहिता विपरीत छ। प्रचारप्रसारको क्रममा बालबालिकाको प्रयोगदेखि पार्टीको चुनावी झण्डा जलाउनेदेखि दुर्व्यवहारका कार्यसम्मका गतिविधिले निर्वाचनलाई पनि प्रभावित पार्न सक्छ। विगतको निर्वाचनको प्रचारप्रसारमा पनि बालबालिकाको प्रयोगदेखि उम्मेदवार र दललाई होच्याउने प्रवृत्ति गलत रुपमा बढ्दै जानुले आउने दिनमा यसले निर्वाचन आयोगमाथि पनि गम्भीर प्रश्न आवश्य नै उठ्ने छ। केही दिन अघि जनकपुरधामसहित देशव्यापी रुपमा निर्वाचन आयोगले सार्वजनिक स्थलहरुमा राजनीतिक दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरुले प्रचारप्रसारका लागि झुण्ड्याइएको तुल व्यानर, झण्डा, पर्चा, पम्पलेटसमेतका सामग्री हटाइएको भन्दै जिल्ला प्रशासन कार्यालयले समेत जनाएको थियो। तर अहिले पनि सदरमुकामदेखि विभिन्न गाउँघर, सहर, बजार र हाई-वे केन्द्रित गरी अत्यधिक मात्रामा चुनावी प्रचार सामग्री यत्रतत्र देख्न सकिन्छ। प्रचारप्रसारका क्रममा पार्टीका उम्मेदवारहरु आफ्ना प्रतिस्पर्धीको विरोधमा आक्रामक देखिनु चिन्ताजनक विषय हो। उम्मेदवार-उम्मेदवारहरुको बीचमा हुनुपर्ने संयमता, सौहार्द्रपूर्ण वातावरण र मित्रवत प्रतिस्पर्धा हुनुपर्ने हो। जुन कटु आलोचनाको रुपमा परिणत हुन थालेको छ। निर्वाचन नजिकिँदै जाँदा यसले भयावह दुष्परिणाम निम्तिने सम्भावना पनि त्यतिकै रहन्छ। यसरी राजनीतिक दलहरुबीचमा तिक्तता बढ्दै जानु प्रति सरोकारवालले अहिलेदेखि नै सजगता अपनाउनु पर्ने अवस्था छ। निर्वाचन आयोग र सुरक्षानिकाय तथा जिल्ला प्रशासन कार्यालयले यस प्रति गम्भीर हुनुपर्छ। सामाजिक सञ्जाल अन्तर्गतको फेसबुक, फेसबुक पेज, टिकटकलगायतमा उम्मेदवारहरुले आ-आफ्नो प्रचारप्रसारलाई तीव्रता दिएको छ। यसमा उम्मेदवारहरुले आफ्नो आक्रामक प्रचारप्रसार शैलीकै कारण अन्य दललाई खुइल्याउने तरिकाले सामाजिक सञ्जालमा भिडियोहरु पोस्ट हुनु पनि दुर्भाग्य हो। यसका लागि पनि प्रहरी निकटको साइबर हेर्ने प्राविधिक टिमले यस प्रकारका द्वैश फैलाउनेहरुलाई निरुत्साहित हुनु गरी कानुनी कारबाही जरुरी छ। तर यस प्रति सरोकारवालहरु उजुरबुजुरको पर्खाइमा कानुनलाई बेकामे बनाउनु पनि गलत नियतिको रुपमा कामकारबाही हुने ठहर छ। तथापि अहिले सामाजिक सञ्जालमा देखिने गरिएका प्रचारप्रसारका भिडियोहरु अहिले गाउँघरदेखि सहरबजारसम्मका युवादेखि वृद्धवृद्धासम्म यसबाट प्रभावित हुन गएको छ। यस प्रकारका प्रचारप्रसारले शुरुमा आकर्षक देखिए पनि पछि गएर समाजमा नकारात्मक असर पर्न थालेको छ। त्यसैले राजनीतिक दल र उम्मेदवारहरुको कारण समाजमा पछि गएर गलत सन्देश जाने भएकाले सरोकावरवाल पनि सचेतसहित गम्भीर हुनु आवश्यक छ।

# निष्ठावन कार्यकर्तालाई टिकट नदिने एमालेमा बोरो उम्मेदवारको भरमाकति हुन्छ सफल ?



अनिल तिवारी

बुढ्यौलीले कमजोर बन्दै गएका केपी ओलीमा यसपटक पुराना कम्युनिस्ट सिद्धान्तवादी कार्यकर्ताभन्दा नवप्रवेशीप्रति बढी चुनावी आशा देखिएको छ। राजधानी काठमाडौं र गृहजिल्ला झापा बाहेक स्वास्थ्य अवस्थाका कारण अन्य क्षेत्रमा सक्रिय रूपमा पुग्न नसकेका ओलीले प्रचार रणनीतिमा परिवर्तन गरेको संकेत मिल्छ।

परम्परागत संगठनात्मक आधारभन्दा नयाँ अनुहार र हालै पार्टीमा प्रवेश गरेका समूहको उत्साहलाई उनले चुनावी ऊर्जा बनाउने प्रयास गरेका छन्। बदलिँदो राजनीतिक परिवेशमा मतदाताको मनोविज्ञान पनि फेरिएको छ। त्यसैले ओलीले अनुभवभन्दा विस्तारलाई प्राथमिकता दिएको देखिन्छ। पुराना संरचनाभन्दा नवप्रवेशीको समर्थनका आधारमा निर्वाचन जित्ने रणनीति उनको मुख्य दाउ बनेको चर्चा छ।

लामो राजनीतिक संघर्ष, संगठन निर्माण र लोकतान्त्रिक अभ्यासमार्फत वामपन्थी आन्दोलनलाई सशक्त बनाउने इतिहास बोकेको पार्टी हो, नेपाल कम्युनिष्ट पार्टी (एमाले)। तर केपी ओलीको हठवादी रवैयाका कारण पुष्पकमल दाहालसंगै 'प्रचण्ड', माधवकुमार नेपाल, वामदेव गौतम र झलनाथ खनालसहित जनतामा नेपाल कम्युनिष्ट पार्टिमा लागे पछि राम्रो पकड भएका पर्साका धेरै नेताहरु एमालेबाट अलग भइसकेका छन्। बाँकी नेतृत्वमाथि पर्सामा "झोले" सावित भएको आरोप लाग्दै आएको छ। यही असन्तुष्टिको पृष्ठभूमिमा एक पूर्व केन्द्रीय सदस्यले विद्रोह गर्दै नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। जसले गर्दाले पर्सा क्षेत्र नं. १ र २ मा एमालेलाई व्यापक क्षति पुगेको चुनावी चर्चा तीव्र बनेको छ।

| पार्टी | क्षेत्र नम्बर | उम्मेदवार | पृष्टभूमि |
|---|---|---|---|
| काँग्रेस | १ | अनिल रुङ्गटा | काँग्रेस |
| एमाले | | प्रदीप यादव | राप्रपा, जसपा, नेपाल, जसपा, जसपा नेपाल |
| काँग्रेस | २ | अजय चौरसिया | काँग्रेस |
| एमाले | | रिमा यादव | राजनीतिक पृष्टभूमि छैन(पुर्व मेयर सरावगीको आर्शिवाद) |
| काँग्रेस | ३ | सुरेन्द्र प्रसाद चौधरी | काँग्रेस |
| एमाले | | रुपेश पाण्डे | पुर्व काँग्रेसी(एमाले उम्मेदवार |
| काँग्रेस | ४ | रमेश रिजाल | काँग्रेस |
| एमाले | | जलिम मियाँ मन्सुरी | काँग्रेस, माओवादी हुदै एमाले उम्मेदवार |

पर्साको पुराना र निष्ठावान नेता तथा कार्यकर्ता भन्दा पनि पार्टीले योपाली प्रतिनिधि सभा सदस्याको निर्वाचनमा नवप्रवेशीलाई हृदयदेखि अगांलेर उम्मेदवार बनाएको छ। पर्सा जिल्लामा पार्टीको यो इतिहास निर्माणमा सहभागि भएका पार्टीका नेता कार्याकर्तालाइ यहाँ उम्मेदवारको रुपमा प्रस्तुत नसकेपछि विश्वासको ठुलो खाडल उत्पन्न भएको विश्लेषण गर्न थालिएको छ।जेनजी आन्दोलनपछि हतारमा (समय अगावै) महाधिवेशन गरेर केपी ओलीले आफ्नो असुरक्षा व्यवस्थापन गर्दै पार्टीभित्र आफ्नो पकडलाई स्थापित बनाएका छन।

तर अब यो पार्टी भने आगामी संसदमा पुरानो हैसियतमा जोगिने सम्भावना सकिएको पार्टीकै नेता कार्यकर्ताले भन्न थालेका छन्।यसो त ओलीले चुनाव पछि एमाले नै ठुलो पार्टि हुने चानावी दावी गर्दै छन।

पर्सा जिल्लामा उम्मेदवार चयनमा देखिएको बाहरियामोहले योचुनाव एमालेको लागि पर्सामा फलामाको च्युरा चपाउनु जस्तै बनेको छ। एमालेका पुराना कार्यकर्ता नेता माझ विश्वास खाडल कमगर्न उम्मेदवारहरुलाई ठुलो चुनौति उत्पन्न भएको विश्लेषण गरिएको छ।चार दशक देखिचुनावी मैदानमा रहेका दलहरुमध्ये नेपाली काँग्रेस र नेकपा एमाले एक आपसका सबभन्दा पुराना र परस्पर प्रतिस्पर्धी हुन।जेनजि आन्दोलन पछि रास्वपा पनि ठुलो शक्तिको रुपमा यसपालिका चुनावमा ओर्लीएको छ।जसलेल गर्दा पर्सामा एमालेको पुराना नेतालाई 'घर न घाटका'हिन्दि मुहावरा जस्तैको अवस्था उत्पन्न भएको छ।नेका र एमाले बिचको चारैक्षेत्रका दुई उम्मेदवार चयन हेर्दा आकास पतालको फरक रहेको धेरै कुराले प्रष्ट हुन्छ।



नेपाली काँग्रेसले पर्सा क्षेत्र नम्बर १ बाट उम्मेदवार बनाएका अनिल रुङ्गटा नेपाल विद्यार्थी संघमा आबद्ध हुदै पार्टीभित्र केन्द्रि सदस्य समेत भइसकेका नेता हनु। पछि पार्टीकैं सक्रिय सदस्य हुदै आबद्धता बरकरार राखेका छन। २०७४ मा पार्टीको तर्फबाट प्रतिनिधि सभाको उम्मेदवार भए। २०७९ मा गठबन्धनले गर्दा टिकट नपाएका उनी यसपाली पार्टीबाट बलियो दावेदार भएर टिकट पाए छन्।

एमालेले टिकट पाउनुभन्दा २४ घण्टाअगाडिसम्म जसपा नेपालमा रहेका प्रदीप यादवलाई एक राती अगाडि टिका मालालगाएर टिकट दिइएर उम्मेदवार बनाइउको छ। नेतायादवलाई मधेस आन्दोलन र नकाबान्दीमा वीरगन्जलाई रक्तरन्जित बनाउ आधा दर्जन मधेसीलाई सहिद बनाउने आलीको कट्टर बिरोधी मान्न गरिन्थ्यो।

यादव, राप्रपा, फोरम नेपाल, संघीय समाजवादी पार्टी नेपाल, संघीय समाजवादी पाटी र फेरी संघीय समाजवादी पार्टी, नेपाल हुँदै एमाले पसेका हुन। उनी हातमा एमालेको टिकट लिएर पनि सुर्यभन्दा छाता छापमा निर्वाचन लड्न इच्छा रहहेको भन्दै आफ्नो साबिक पार्टीका अध्यक्ष उपेन्द्र यादव कहाँ पैरवी पुऱ्याईरहे पनि उनलाई यस पटक घनघोर अवसरवादी उम्मेदवार भएको चनावी चर्चा छ।

अरु क्षेत्रमा पनि एमालेको अवस्था त्यसतै छ। पर्सा २ मा नेका उम्मेदवार रहेका चौर सिया ३ दशकदेखि पार्टीको बिभिन्न जिम्मेवारीमा छन्। केन्द्रिय सदस्य भएर पार्टीको यातायात विभाग र मधेश विभागकोसंयोजकको जिम्मेवारीमा काम गरिसकको छन्। नेका भित्रको मधेसीवादी नेताको रुपमा आलोचना र अवरोध खेप्दै आएका नेता चौरसियाको बैचारिक लडाइसंगै पार्टिप्रतिकोआवद्धता उतिकै भएको बताइन्छ।उनी निवार्चनको परिणाम हारजित वेहोरे पनि लागातार त्यही पार्टीबाट साँसदमा निर्वाचन लड्दै आएका छन्।

तर एमालेले पार्टीमा दुइ दिन अगाडिसम्म नामै नसुनिएको र राजनीतिक पृष्टभूमि नभएकी युवती रिमा यादवलाई टिकट दिएको छ। पार्टीभित्र लामो इतिहास भएका महिलाहरु एकातिर टिकट गयो अर्कोतिर। तापनि युवालाई मौका दियो भन्ने यहाँ एउटा आधार छ।उनलाई पुर्व मेयर बिजय सरावगीले जेनजि उम्मेदवारको रुपमा प्रचार प्रसार गर्दै आएका छन।

क्षेत्र नम्बर ३ मा काँग्रेसबाट टिकट पाउने पक्का भएको भनेर आफुलाई उम्मेदवारीको एक महिना अघीसम्म चिनाउदै आएका व्यक्ति रुपेश पाण्डेयलाई एमालेले राता रात उम्मदवार बनाएको छ।उम्मेदवारी तिथि घर्किदै जाँदा एमालेमा ठुलो तहका मचाएर एमालेको जिल्ला समितिबाट रुपेस पान्डेले नाम सिफारिस गराए पनि केन्द्रिय समितिले प्रमोद जयसवाललाई टिकट दिए घोषणा गरेपछि पाण्डेयले राष्ट्रिय स्वतन्त्र पार्टीबाट टिकटको लागी ठुलो अफर गरेको बताइन्छ। तर रास्वपाले चाँसो लिएन। नेका सुरेन्द्र चौधरी प्रति थरुवानमा देखिएको समर्थनबाट हारहुने डरले प्रमोद जयसवालले आफ्नो प्रदेश सभाको पदपनि जाने डरले उम्मेदवारी नदिने अडान पछि रातारात टिकट परिवर्तन भएको जगजाहेर छ।

जयसवालले टिकट पाएको घोषणा पछि मनोनयनको दुई दिन अगाडि केपी शर्मा ओलीलाई भेंटन खादा माला,खादा लगाएको फोटोलाई पार्टी प्रवेश होइन देखाउनलाई आफै खण्डन लेखे र पर्सा संयोजक प्रभु हजराबाट लेख्न लगाए। कारण थियो अन्तिममा आएर उनी रास्वपाको टिकटको लागि न्वारनदेखिको बल लगाइरहेको बेला उक्त तस्विर बाहिरिएको थियो। अन्तिममा भने एमालको टिकट मैं भए पनि निर्दलीयभन्दा पार्टीको उम्मेदवार बन्ने बाटो रोजेर चुनावी मैदामा घुम मचाएका छन।

नेपाली काँग्रेसले त्यहाँ शुद्ध काँग्रेसीलाई टिकट दिएको छ। नेपाल विद्यार्थीसंघबाट राजनीतिक यात्रा सुरु गरेर पार्टीको केन्द्रिय सदस्य जिल्ला सभापति र पटकट पटक साँसद तथा मन्त्री भएका सुरेन्द्रप्रसाद चौधरीलाई काँग्रेसले उम्मेदवार बनाएको छ।

क्षेत्र नम्बर ४ मा काँग्रेसले यसै गरी विद्यार्थी कालदेखि पार्टीमा आवद्ध भएर राजनीति गरेका पुर्व केन्द्रिय सदस्य, पुर्व साँसद तथा मन्त्री रमेश रिजाललाई टिकट दिएको छ। यता नेकपा एमालेले भने जालिम मियाँ मन्सुरीलाई मैदानमा उतारेको छ। उसो त मन्सुरी अन्य तीन क्षेत्रका उम्मेदवारभन्दा एमालेमा तुलनात्मक रुपमा पुराना हुन। पार्टीको आन्दोलन र आरोह अवरोहमा सहभागि भएका 'कैडर' होइनन। पञ्चायती व्यवस्थामा बन तस्करीको आरोपमा ६ महिना जेल सजाय भोगेका जालिम मिया ०४६ सालको प्रजातन्त्र पाप्ति पछि लामो समय नेपाली काँग्रेसमैं जोडिएका मन्सुरी पछि माओवादी भएका थिए। अन्तमा एमालेमा टिकट लागि नै यसभन्दा अघिल्लो निर्वाचनमा प्रवेश गरेका थिए। यसरी एमाले पर्सामा एक जना पनि एमालेका उम्मेदवार पार्टीका पुराना कार्यकर्ता वा नेता होइनन।

राणा शासनकालमै २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीसम्म एमालेको वैचारिक जरा पुग्छ। पञ्चायती निरंकुश व्यवस्थाका बेला कम्युनिस्ट आन्दोलन भूमिगत रहँदै दमन, गिरफ्तारी र विभाजनको सामना गर्दै अघि बढ्यो। २०४६ सालको जनआन्दोलनमा वामपन्थी शक्तिको निर्णायक भूमिकासँगै बहुदलीय प्रजातन्त्र पुनःस्थापना भयो। त्यसपछि २०४८ सालमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच एकता भई नेपाल कम्युनिष्ट पार्टी (एमाले) गठन भयो।

एमालेले 'जनताको बहुदलीय जनवाद' (जबज) को वैचारिक धार प्रस्तुत गर्दै संसदीय राजनीति र जनआन्दोलनलाई सँगसँगै अघि बढायो। २०५१ सालमा पहिलो पटक अल्पमतको सरकारको नेतृत्व गर्दै सामाजिक न्याय, भूमि सुधार र समावेशीताका मुद्दा उठायो।

समयक्रममा आन्तरिक विवाद, विभाजन र पुनःएकताको प्रक्रिया भोग्दै आएको एमालेले २०७२ सालमा नेपाली कांग्रेसको नेतृत्वमा संविधान निर्माण हुँदा महत्वपूर्ण भूमिका खेलेको थियो। तर आफ्नै नेतृत्वमा सरकार रहँदा भ्रष्टाचार, बेरोजगारी र दण्डहीनताजस्ता विषयमा बढेको जनआक्रोश 'जेनजी आन्दोलन'का रूपमा विस्फोटित भई निर्वाचित संसद् विघटनसम्म पुग्यो। अहिले चुनावमा पार्टी पंक्तिभन्दा बाहिरबाट उम्मेदवार ल्याएर पर्सामा टिकट दिँदा पुराना नेता-कार्यकर्ताको असन्तुष्टि स्वाभाविक रूपमा बढेको देखिन्छ।

# सहअस्तित्वको संस्कार र हाम्रो सामाजिक विवेक

रेखी गुरुङ

## पृष्ठभूमि

सामाजिक बहस कहिलेकाहिँ व्यक्तिगत घटनाबाट सुरु भएर ठूलो सामाजिक, राजनीतिक र दार्शनिक विमर्शमा रूपान्तरण भैदिन्छ। हालैको प्रसंगले यस्तै बहस जन्मायो। डा. बाबुराम भट्टराईका पिताको मृत्युकर्ममा गरिएका केही व्यक्तिगत विषयहरू सार्वजनिक टिप्पणी, आलोचना र कटाक्षको विषय बने।

सामान्यतया, शोक र अन्तिम संस्कारको समय परिवारको निजी कुरा हो तर यसपटक त्यो निजी क्षण पूर्व प्रधानमन्त्री तथा राजनीतिक व्यक्तित्व हुनुको नाताले पनि हुनसक्छ, सामाजिक सञ्जालमा सार्वजनिक बहसको विषय बन्यो।

यो बहस कुनै व्यक्तिविरुद्धभन्दा बढी हाम्रो समाजको सहिष्णुता, संस्कार र विवेकबारे थियो। कसैले परम्परागत विधि नअपनाउँदा त्यसलाई व्यक्तिगत विश्वासको कुरा मानेर स्वीकार गर्ने संस्कार हाम्रो समाजमा कति बलियो छ ? भन्ने प्रश्न उठ्यो। राजनीतिक रूपमा लोकतान्त्रीक समाजमा फरक मतको सम्मान किन भैरहेको छैन ? भन्ने पनि हो।

## नेपाली समाजः विविधता र सहअस्तित्व

नेपाली समाज विविधताले बनेको समाज हो। धर्म, भाषा, संस्कृति, परम्परा र जीवनशैलीका विभिन्न रूपहरू यहाँ सँगसँगै बाँचेका छन्। यही विविधताबीचको हार्दिक एकताले सहअस्तित्वको अभ्यास सम्भव बनाएको हो। फरक मतलाई स्वीकार गर्ने, असहमतिलाई स्थान दिने र निजी विश्वासको सम्मान गर्ने संस्कारले हाम्रो समाज बलियो बनेको छ।

तर पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालको विस्तारसँगै असहिष्णु अभिव्यक्तिहरू बढेका छन्। असहमतिको स्वरूप, सभ्य संवादभन्दा व्यक्तिगत प्रहार तथा असामाजिक टिप्पणी र कटाक्ष गर्ने प्रवृत्तिमा बढोत्तरी देखिन्छ। यस्तो प्रवृत्तिले हाम्रो सहअस्तित्व कमजोर पार्न सक्छ।



रेखी गुरुङ

संवेदनशील समयमा गरिएका असामाजिक टिप्पणीहरूले केवल व्यक्तिलाई मात्र चोट पुऱ्याउँदैन, यसले समाजको परिपक्वतामाथि पनि प्रश्न उठाउँछ। हामी कस्तो सार्वजनिक संस्कार निर्माण गर्दैछौं भन्ने विषयमा गम्भीर सोच आवश्यक देखिएको छ।

## डा. बाबुराम भट्टराई र वैज्ञानिक मानवतावादी दर्शन

मानव विकासक्रमको पछिल्लो वैज्ञानिक अध्ययनहरूले मानिसमा दुई विपरित गुणहरू सहअस्तित्वमा रहेको देखाएको छ। एकातिर प्रतिस्पर्धा र स्वार्थका गुणहरू छन् भने अर्कोतिर सहकार्य र सहानुभूतिका गुणहरू। यी दुवै प्रवृत्तिहरू मानिसको जैविक संरचनाभित्र नै इन्बिल्ट छन् भन्ने तथ्य ज्ञबल न्भलयकभ सम्बन्धी अनुसन्धानले पुष्टि गरेको छ। यही द्वन्द्वात्मक सहअस्तित्वबीच मानिसले प्रतिष्पर्धा र सहकार्यको अभ्यासमार्फत आजको मानवीय चेतना र सभ्यता निर्माण गरेको हो।

डा. बाबुराम भट्टराईले यही ऐतिहासिक-वैज्ञानिक यथार्थलाई आधार बनाएर नयाँ राजनीतिक दर्शन प्रस्तुत गर्नुभयो- 'वैज्ञानिक मानवतावाद'। "नयाँ शक्ति" हुँदै प्रगतिशील लोकतान्त्रिक पार्टी यस प्रयोगशालाको रूपमा काम गरिरहेको छ, र समुन्नत समाजवाद यसको गन्तव्य हो।

आजको नेपाली समाजमा देखिने असहिष्णुता, अन्धअनुकरण र भावनात्मक ध्रुवीकरणबीच, वैज्ञानिक मानवतावादले सन्तुलित मार्ग देखाउँछ। यसले मानिसलाई प्रथमतः मानिसकै रूपमा हेर्छ, प्रतिष्पर्धी र सहकारी गुण सहितको वास्ताविक पूर्ण मानिसको रूपमा। न कि जात, धर्म, वर्ग, लिङ्ग वा रूप-रङको आधारमा। राज्यले सामाजिक सहअस्तित्व प्रवर्द्धन गर्न कुनै विश्वासको विरोध गर्दैन; आस्तिक (धर्म मान्ने) र नास्तिक (विज्ञान मान्ने) दुवैको नागरिक अधिकार सुनिश्चित गर्न धर्मनिरपेक्षताको पक्षमा उभिन्छ। समाज रूपान्तरणका लागि कर्मकाण्डभन्दा नीति र संरचनामा जोड दिन्छ, र दीर्घकालीन, प्रकृतिमैत्री योजना निर्माणमार्फत मानवीय खुशीलाई केन्द्रमा राख्छ।

मानव इतिहास साक्षी छ- जब मानिसले विज्ञान र विवेकलाई मार्गदर्शक बनाउँछ, सभ्यता प्रगतिशील हुन्छ। जब अन्धविश्वास र भावनात्मक आवेग हावी हुन्छ, समाज पछाडि धकेलिन्छ। सामाजिक संरचना अन्यायपूर्ण भएमा प्रतिस्पर्धा शोषणमा बदलिन्छ; संरचना न्यायपूर्ण भएमा सहकार्य समृद्धिमा परिणत हुन्छ। तसर्थ, मानव स्वभावमा अन्तर्निहित प्रतिस्पर्धी र सहकारी गुणलाई सही दिशा दिन सन्तुलित सामाजिक संरचना आवश्यक छ। वैज्ञानिक मानवतावाद यही संरचनात्मक रूपान्तरणको पक्षमा उभिएको छ।

डा. बाबुराम भट्टराईको जीवन र राजनीतिक यात्रा यही दृष्टान्तको प्रत्यक्ष उदाहरण हो। सत्य र न्यायको पक्षमा अविचलित रहँदै संसारलाई वैज्ञानिक दृष्टिकोणबाट बुझ्ने र बदल्ने उनको जीवनको मूलमन्त्र हो। सामाजिक परम्परालाई सम्मान गर्दै समयानुकूल परिमार्जन गर्ने, वैज्ञानिक दृष्टिकोणलाई मार्गदर्शक मान्ने र समाजलाई न्यायपूर्ण र समतामूलक बनाउने दिशामा प्रयत्नशील रहनु उनको विशेषता हो।

यो दृष्टिकोण उनले निजी जीवनमा पनि व्यवहारमा उतारेका छन्। शोकको संवेदनशील घडीमा अपनाइएका निर्णयहरू जस्तैः कपाल मुण्डन नगर्नु, किरिया नबस्नु आदि उनीसँग जोडिएका व्यक्तिगत विश्वास हुन्। यथार्थमा उनले जस्तो सोच बोके, त्यस्तै जिए; ढोंग गरेनन्। तर परम्परावादीहरूद्वारा उनको विज्ञानवादी विश्वास माथि असामाजिक, निकृष्ट टिप्पणी प्रहार गरियो।

आलोचना, कटाक्ष र व्यक्तिगत प्रहारबीच पनि उनले संयम र धैर्यका साथ प्रतिक्रिया दिँदै आएका छन्। आफ्नो विश्वासअनुसार जिउनु, भीडको पछि लाग्नु भन्दा सत्य र न्यायको पक्षमा अविचलित रहनु र सार्वजनिक आलोचनाबीच पनि शान्त रहन सक्नु उनका अनुकरणीय गुणहरू हुन्।

## नेपाली समाजको चुनौती

यस प्रसंगले नेपाली समाजको सहिष्णुता र विवेकको स्तर पनि उजागर गरेको छ। विविधता र सहअस्तित्व हाम्रो सामाजिक विशेषता हो तर यदि फरक विश्वास, अभ्यास र सोच स्वीकार नगर्ने प्रवृत्ति बढ्यो भने भोलि अल्पसंख्यक फरकमतहरूले आफ्नै विश्वासअनुसार जिउन डराउने अवस्था आउन सक्छ। हाम्रो समाजले धेरै ऐतिहासिक परिवर्तनहरू देखेको छ। राजनीतिक व्यवस्था बदलिए, संविधान बदलिए, राज्यको संरचना बदलिए तर सामाजिक चेतनाको विकास राजनीतिक परिवर्तन संगै बदलिन नसक्दा समस्याहरू देखापरेका छन।यदि समाजले व्यक्तिको निजी विश्वास र स्वतन्त्र निर्णयको सम्मान गर्न सकेन भने, आधुनिक लोकतान्त्रिक मूल्यहरू केवल कागजमै सीमित रहन्छन्। फरक सोच, फरक अभ्यास र फरक जीवनशैलीलाई स्वीकार गर्ने संस्कार विकास नगरी सहअस्तित्वको कुरा गर्नु ढोंग सिवाय केही होइन।

## निष्कर्ष

सत्य, न्याय र विवेकमा आधारित मानव व्यक्तिगत मात्र होइन, सामाजिक प्रगतिका लागि पनि आवश्यक छ।

नेपाली समाजले आफ्नो विविधता र सहअस्तित्व जोगाउँदै, फरक विश्वास र विचारको सम्मान गर्ने अभ्यासमा बल पुऱ्याउनु पर्छ। वैज्ञानिक मानवतावादले यही मार्ग सुझाउँछ - आफु भित्रको स्वार्थी र पाशविक गुणलाई कम गर्दै सहकार्य र मानवीय गुणलाई बढाउँदै न्यायपूर्ण समतामुलक समाज निर्माणमा योगदान गर्ने।

यो प्रसंग केवल व्यक्तिगत टिका-टिप्पणी वा आलोचनाको मात्र होइन, सम्पूर्ण समाजको सहिष्णुता र विवेकको परीक्षा हो। हामीले फरक विचार, विश्वास र अभ्यासको सम्मान गर्दै आफ्नै समाजको सहअस्तित्व बलियो बनाउने कि असहिष्णुतालाई बढावा दिने ? यो अब हाम्रो विवेकपूर्ण निर्णयमा निर्भर छ।

# गृहमन्त्री अर्यालद्वारा धादिङ दुर्घटनाका घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले गएराति धादिङमा भएको बस दुर्घटनाका घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ।

उहाँले कलङ्कीस्थित नेपाल नेशनल अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा पुगेर घाइतेहरूको अवस्था र उपचारबारे जानकारी लिनुभएको हो ।त्यस अवसरमा मन्त्री अर्यालले घाइतेहरूको उपचारलाई सरकारले उच्च प्राथमिकता दिएकाले कुनै सन्देह नलिन सुझाव दिनुभयो । उहाँले दुवै अस्पतालका चिकित्सकलाई घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिन आग्रह गर्नुभयो ।

पृथ्वी राजमार्गअन्तर्गत पोखराबाट काठमाडौँतर्फ आउँदै गरेको ग२ख १४२१ नम्बरको बस गएराति १ः३० बजेतिर धादिङको बेनिघाट रोराङ गाउँपालिका–५ भैँसीगौडामा त्रिशूली नदी किनारमा खसेको थियो । घटनामा बसमा सवार ४४ यात्रुमध्ये १९ जनाको मृत्यु र २५ जना घाइते भएको गृह मन्त्रालयले जनाएको छ । घाइतेहरूको काठमाडौँको ट्रमा सेन्टरसहित विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

यसअघि मन्त्री अर्यालको अध्यक्षतामा गृह मन्त्रालयमा आजै बसेको बैठकले घाइतेहरूको उपचारलाई प्राथमिकता दिने तथा घटनाको सत्यतथ्य पत्ता लगाउन दुर्घटना जाँचबुझ समिति गठन गर्ने निर्णय गरेको थियो ।रासस

# स्वतन्त्र रूपमा मतदान गर्न पाउनुपर्छः एमाले अध्यक्ष ओली

दमक । नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमाले शान्तिपूर्ण निर्वाचनको पक्षमा दृढ रहेको बताउँदै मतदाताले स्वतन्त्र रूपमा मतदान गर्न पाउनुपर्नेमा जोड दिनुभएको छ।

पार्टी निकट नेसनल 'भोलेन्टियर फोर्स' कोशी प्रदेश कमिटी घोषणासभालाई सोमबार दमकमा सम्बोधन गर्नुहुँदै अध्यक्ष ओलीले निर्वाचन बिथोल्न खोजिएकाले सरकारले निष्पक्ष, भयरहित रुपमा निर्वाचन सम्पन्न गर्न लाग्नुपर्नेमा जोड दिनुभयो।

एमाले शान्तिपूर्ण राजनीति र स्थायित्वको पक्षमा रहेको स्पष्ट पार्दै उहाँले एमालेले अब देशको समृद्ध र विकासका लागि नेतृत्व गर्नुपर्ने विचार राख्नुभयो । झापा क्षेत्र नं ५ का प्रतिनिधिसभाका उम्मेदवारसमेत रहनुभएका ओलीले भन्नुभयो, "एमाले बिनाको देश समृद्धिको कल्पना कसैले नगरे हुन्छ, अब देश बनाउन एमालेले अगुवाइ गर्छ ।" सरकारकै सुरक्षा अङ्गलाई सघाउन पार्टीले भोलेन्टियर फोर्स बनाएको उल्लेख गर्दै उहाँले चुनावका लागि मात्रै नभई दीर्घकालीन रूपमा राष्ट्रको सुरक्षाका लागि यो फोर्स गठन गरिएको बताउनुभयो । रासस

# कांग्रेस महामन्त्री पौडेलद्वारा १४ बुँदे प्रतिज्ञापत्र सार्वजनिक

काठमाण्डु। नेपाली कांग्रेसका महामन्त्री एवम् काठमाडौँ क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रदीप पौडेलले आफ्नो चुनावी क्षेत्रका लागि प्रतिज्ञा पत्र सार्वजनिक गर्नुभएको छ।

महामन्त्री पौडेलले सोमबार काठमाडौँ–५ को विकास र नीतिगत परिवर्तनका लागि आफ्ना प्रतिबद्धता सार्वजनिक गर्नुभएको हो । उहाँले आफू यसअघि काठमाडौँ क्षेत्र नं ५ बाट सांसदका रूपमा विजयी हुँदा गरेको प्रतिबद्धता पूरा गर्न सांसद तथा स्वास्थ्य तथा जनस८्यामन्त्रीका रूपमा इमानदारीपूर्वक प्रयास गरेको बताउनुभयो।

चक्रपथको दोस्रो खण्ड निरन्तरताका लागि दिएको दबाबले काम गरेको, सामाखुसी टोखा सडक, विष्णुमती करिडोर, साङ्लेखोला करिडोरलगायत रणनीतिक काम अघि बढेको उहाँले बताउनुभयो ।महामन्त्री पौडेलले क्षेत्रभित्रका सार्वजनिक विद्यालयलाई स्मार्ट स्कुल बनाउने तथा विद्यालयमा स्थानीय मातृभाषा नेवारी, तामाङ तथा मौलिक सीप र ज्ञानलाई शिक्षण सिकाइमा समावेश गर्न पाठ्यक्रम निर्माणका लागि स्थानीय तहसँग सहकार्य गरेको बताउनुभयो।



उहाँले सबैलाई स्वास्थ्य बीमामा आबद्धता सुनिश्चित गर्दै यसलाई नागरिकको योगदानमा आधारित राष्ट्रिय गौरवको कार्यक्रम बनाइने र सुविधाको दायरा वृद्धि गर्न आवश्यक नीति निर्माण तथा कार्यान्वयनमा पहल गर्ने बताउनुभयो । महामन्त्री पौडेलले क्षेत्र नं ५ लाई मेडिकल हबका रूपमा विकास गर्दै क्षेत्रभित्रका त्रिवि शिक्षण अस्पताल, शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, कान्ति बाल अस्पताल तथा नेपाल प्रहरीजस्ता केन्द्रीय अस्पतालहरूको क्षमता थप विस्तार गर्ने प्रतिबद्धता जनाउनुभयो।

उहाँले आफ्नो प्रतिज्ञा पत्रमार्फत सङ्घीय संसद्मार्फत व्यवसायमैत्री कानुन निर्माणका लागि विशेष पहल गर्ने भन्दै झन्झटिलो व्यवसाय दर्ता तथा बन्द प्रक्रियाको अन्त्य गर्न नीति बनाउन सहजीकरण गर्ने उल्लेख गर्नुभयो ।"युवा जनशक्तिलाई विश्व प्रविधि बजारसँग प्रतिस्पर्धा गर्न एआई, 'डिजिटल मार्केटिङ'जस्ता विषयमा उच्चस्तरीय शैक्षिक तालिमको प्रबन्ध गर्दै क्षेत्रलाई 'डिजिटल इनोभेसन हब'का रूपमा आवश्यक नीति र पूर्वाधार तयार गरिनेछ," उहाँले भन्नुभयो।

प्रतिज्ञा पत्रमा भूमिविहीनहरूको पहिचान गरी लालपुर्जा वितरणको कार्यलाई गति दिनेलगायत विषय समेटिएको छ। उहाँले काठमाडौँ–५ अन्तर्गत पर्ने हाँडीगाउँ, मालिगाउँ, पञ्चकुमारी, भाटभटेनी, टुँडाल, धुम्बाराही, अजिमालगायत ऐतिहासिक क्षेत्रलाई खुला सङ्ग्रहालय तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै भ्याली सिटी टुरमा समावेश गर्ने बताउनुभयो।

टोखाको बिस्का नखः, पाँहाचह्रे तथा हाँडीगाउँको चोखःते नारायणजात्रा जस्ता सांस्कृतिक परम्पराको 'ब्रान्डिङ' गर्दै पर्यटकीय लाभ लिन पहल गर्ने प्रतिबद्धता पत्रमा उल्लेख छ। यस्तै, टुकुचा, धोबिखोला, सामाखुसी र साङ्ला खोलाजस्ता ढल समस्याको समाधानका लागि उचित व्यवस्थापन गर्दै सहरी क्षेत्रमा डुबान समस्या समाधानका लागि 'स्ट्रोमा वाटर ड्रेनेज'को व्यवस्था गर्ने प्रतिज्ञा पत्रमा उल्लेख छ।

महामन्त्री पौडेलले टोखा छहरे सुरुङमार्ग र रसुवा केरुङ राजमार्गलाई व्यापारिक 'लाइफलाइन'का रूपमा विकासका लागि पहल गर्ने बताउनुभयो। यस्तै, चक्रपथ विस्तार, नारायणगोपाल चोकमा अन्डरपास तथा फ्लाइओभर, सामाखुसी विष्णुमती करिडोरमा आफूले थालेको सडक विकासको स्तरोन्नतिलाई प्राथमिकता दिइएको छ।

उहाँले विश्वविद्यालयहरूमार्फत अनुसन्धान र विकासलाई प्रोत्साहन गर्ने, आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी नीतिनिर्माणको नेतृत्व लिने र नेपालकै 'लार्ज ल्याङ्ग्वेज मोडल विकासका लागि पूर्वाधार बनाउन आफ्नो पहल रहने बताउनुभयो।धनेश्वरखेलमैदानलाई राष्ट्रियस्तरको मैदानका रूपमा स्तरोन्नति गर्ने र भूत्हया दह क्षेत्रको ११४ रोपनी सरकारी जग्गामा पिकनिक स्पट र ध्यान साधना केन्द्रका रूपमा विकास गर्ने उहाँको प्रतिज्ञापत्रमा उल्लेख छ।रासस

# साझा राष्ट्रिय कार्यदिशा आवश्यकः अध्यक्ष राई



धरान। जनता समाजवादी पार्टी(नेपाल)का केन्द्रीय अध्यक्ष तथा पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले मुलुकमा राजनीतिक स्थायित्व, सुशासन र आर्थिक सुधार सुनिश्चित गर्न साझा राष्ट्रिय कार्यदिशा आवश्यक रहेको बताउनुभएको छ।

पार्टीको निर्वाचन परिचालन समिति, सुनसरी क्षेत्र नम्बर १ ले सोमबार धरानमा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष राईले आगामी २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्थगित हुन सक्ने हल्ला बाहिर सुनिएको भए पनि त्यस्तो कदम मुलुक र जनताको हितमा नहुने धारणा राख्नुभयो।

निर्वाचनपछि गठन हुने नयाँ संसद्ले जनताको ताजा 'म्यान्डेट'सहित देशको नेतृत्व गर्ने उल्लेख गर्दै संसद्भित्र र बाहिर रहेका सबै राजनीतिक शक्तिबीच संवाद र सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ थियो। अध्यक्ष राईले लोकतान्त्रिक प्रक्रियामा अवरोध आउन नदिन र दीर्घकालीन रूपमा देशलाई फाइदा पुग्ने सहमतिमूलक राजनीतिक संस्कार विकास गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# 'कर्मकाण्ड र ज्योतिष क्षेत्रमा काम गर्नेले शास्त्रसम्मत कर्म गर्नुपर्छ'

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले कर्मकाण्ड र ज्योतिष क्षेत्रमा काम गर्नेले शास्त्रसम्मत कर्म गर्नुपर्नेमा जोड दिनुभएको छ।




नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले आयोजना गरेको छमहिने ज्योतिष र कर्मकाण्ड प्रशिक्षणका प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गर्न आयोजित कार्यक्रममा उहाँले कर्मकाण्ड र ज्योतिष पेसामा आबद्धहरूमा प्रलोभन बढी हुने गरेको र शास्त्रीय विधि पूरा नगर्ने गरेको दृष्टान्त प्रस्तुत गर्दै शास्त्रसम्मत कर्म गर्नुपर्नेमा जोड दिनुभयो।

"हाम्रो संस्कृति, परम्परा र शास्त्रहरूको महत्त्व धेरै छ, तिनलाई समय र परिस्थितिअनुरूप परिमार्जन र परिस्कृत गर्दै परिवेश अनुकूल बनाउनुपर्छ, तर लोप हुन दिनु हुँदैन, मौलिक संस्कृतिको संरक्षण र संवर्द्धनमा आज दीक्षित भएकाको भूमिका महत्त्वपूर्ण हुन्छ, विदेशमा बसेका नेपालीलाई पनि कर्मकाण्ड र ज्योतिषको आवश्यकता निकै हुने गरेको छ, नागरिकता त्यागेर विदेश गएकाहरूले पनि यी कुरा त्याग्न सकेका छैनन्, जहाँ पुगे पनि मौलिक संस्कृतिको अभ्यास गरिरहेका छन्," सचिव निरौलाले भन्नुभयो।

समितिले सञ्चालन गरेको छमहिने 'ज्योतिष तथा कर्मकाण्ड प्रशिक्षण' पूरा गरी ५४ जना प्रशिक्षार्थीले प्रमाणपत्र पाउनुभएको छ। ज्योतिषमा ३६ र कर्मकाण्डमा १८ गरी ५४ जना दीक्षित हुनुभएको समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले बताउनुभयो।

समितिले ज्योतिष र कर्मकाण्ड दुबै महत्त्वपूर्ण एवम् अत्यावश्यकीय क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ २०६२ सालदेखि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको जनाइएको छ। समितिका सदस्य प्रा डा देवमणि भट्टराई, पूर्वअध्यक्ष प्रा श्रीकृष्ण अधिकारीलगायतले छमहिने प्रशिक्षणबाट सिकेका विषयलाई असल अभ्यास गर्न र नजानेका विषय अग्रज एवं गुरुहरूबाट सिक्नुपर्नेमा जोड दिनुभयो।

समितिका कार्यकारी निर्देशक पन्थीले कोषको कमजोर भौतिक एवम् नीतिगत पूर्वाधारबारे मन्त्रालयका सचिव निरौलाको ध्यानाकर्षण गराउनुभएको थियो । यसमा मन्त्रालयले सहयोग, सहजीकरण एवम् समन्वय गर्नुपर्ने उहाँको भनाइ थियो। समितिको कार्यालय व्यवस्थापन, हल, कोठा र माइक अभावदेखि कर्मचारी (लेखा), आन्तरिक कार्यविधि, तथा नीतिहरू निर्माणमा मन्त्रालयको साथ सहयोगका लागि पनि कार्यकारी निर्देशक पन्थीले अनुरोध गर्नुभएको थियो।

कार्यक्रममा प्रशिक्षक एवम् नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका सहप्राडा पुरुषोत्तम भट्टराईले स्रोतसाधन सीमित भए पनि निरन्तर प्रशिक्षण कार्यक्रम सञ्चालन हुँदै आएको बताउनुभयो। पछिल्लो समय भने 'अनलाइन' कक्षाको माग बढ्दै गएको पनि उहाँले जानकारी गराउनुभयो ।रासस

# इमान्दार नेता र नेतृत्वलाई मतदान गरौँः पुष्पा भुसाल

गोदावरी। नेपाली कांग्रेसकी उपसभापति पुष्पा भुसालले उम्मेदवारको इमान्दारिता, योजना र व्यक्तित्व हेरेर मतदान गर्न आग्रह गर्नुभएको छ।

नमूना महिला सञ्जाल गोदावरीले सोमबार आयोजना गरेको निर्वाचन लक्षित महिला भेलामा उहाँले ललितपुर क्षेत्र नं १ मा धेरै उम्मेदवार भए पनि सबैको पृष्ठभूमि हेरेर मतदान गर्न आग्रह गर्नुभयो । उपसभापति भुसालले आफ्नो पार्टीले



अगाडि सारेको उम्मेदवार उदयशम्शेर राणा दाग नलागेको, भ्रष्टाचारविरोधी र इमान्दार रहेको दाबी गर्नुभयो । उहाँले राणाको नेतृत्व र निष्ठामाथि कसैले औँला ठड्याउन नसक्ने भन्दै उहाँको विजय नै यस क्षेत्रको विकासको आधार भएको उल्लेख गर्नुभयो।

कांग्रेस बदलिएर आएको र देशको नेतृत्व गर्न पार्टी सभापति गगन थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाएको भन्दै उपसभापति भुसालले राणाको जितले यस कार्यमा बल पुग्ने धारणा राख्नुभयो ।रासस


**बौधीमाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सरमुजवा, रौतहट**

**मधेश प्रदेश, नेपाल**

**महिला क्षमता तथा सशक्तिकरण कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१२)

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयवाट चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत महिला क्षमता तथा सशक्तिकरण परियोजना अन्तर्गत महिला उत्थान जिविकोपार्जन आर्थिक सुधार कार्यक्रमको लागि विपन्न एवम् एकल महिला तथा पिछडीएका समुदायमा जिविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रमको लागि दर्ता भएका समुह/संस्थाहरुले कृषि तथा पशु पालन क्षेत्र, र गैर कृषि क्षेत्रमा काम गर्ने गरी कार्यक्रम संचालन "जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७" को अनुसूची २ बमोजिमको ढाँचामा तयार पारी निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। रित पुर्वक पेश नभएका र समय भित्र पेश हुन नआएका प्रस्तावना उपर कुनै कारवाही हुने छैन।

**संचालन गर्ने कार्यक्रम**:

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १ | महिला क्षमता तथा सशक्तिकरण कार्यक्रम |

**प्रस्तावना साथ संलग्न गर्नुपर्ने विषयहरू**:

१. संस्थाको विधान, परिचय, उद्देश्य कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वितिय स्रोत सम्बन्धी विवरण।
२. प्रस्तावित व्यवसायको अवधारणापत्र व्यवसायको क्षेत्र, तालिम, अवधि स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण।
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
४. अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रतिलिपी १
५. अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन।
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकाय वाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण।
७. संस्था कालो सूचीमा नपरेको प्रचलित कानून बमोजिम अयोग्य नरहेको कुनै बेरुजु नरहेको व्यहोराको स्वःघोषणा पत्र।
८. प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नु पर्नेछ।
९. प्रस्ताव "महिला क्षमता तथा सशक्तिकरण कार्यक्रम" सञ्चालन सम्वन्धी मापदण्ड २०७७ र प्रचलित कानून बमोजिम हुनुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# संविधान संशोधन आवश्यक छः अध्यक्ष यादव




भैरहवा। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशको वर्तमान राजनीतिक गतिरोध अन्त्यका लागि संविधान संशोधन आवश्यक रहेको बताउनुभएको छ।

रूपन्देहीको भैरहवामा सोमबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले वर्तमान संविधानले मधेशी, जनजाति, दलित तथा उत्पीडित समुदायका मुद्दालाई पूर्ण रूपमा सम्बोधन गर्न नसकेको धारणा राख्नुभयो। उहाँले सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि पहिचानका आधारमा प्रदेशको सीमाङ्कन गरिनुपर्ने बताउनुभयो। अध्यक्ष यादवले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था र पूर्ण समानुपातिक निर्वाचन प्रणाली आवश्यक रहेको बताउनुभयो। वर्तमान प्रणालीले राजनीतिक अस्थिरता निम्त्याएको उहाँको आरोप थियो।

सो अवसरमा अध्यक्ष यादवले गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउँदै कूटनीतिक तथा प्राविधिक पहल तीव्र बनाउन आग्रह गर्नुभयो। उहाँले जनता समाजवादी पार्टीले सुरुदेखि नै मधेशको समस्याका बारेमा आवाज उठाउँदै आएको र सबै समस्या बुझेको पार्टी भएको बताउनुभयो ।रासस

# मतदाताको माझमा एमाले महासचिव पोखरेल

देउखुरी। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव एवं दाङ क्षेत्र नम्बर २ का उम्मेदवार शङ्कर पोखरेल मतदाता भेटघाटमा व्यस्त हुनुभएको छ।

मत माग्न जाँदा सङ्घ, प्रदेश र स्थानीय तहमा एमाले नेतृत्वमा रहँदा गरेका कामको बारेमा जानकारी गराउने र एमालेमाथि फैलाइएका गलत खालका भ्रम चिर्ने काम भएको उहाँको भनाइ छ। मतदाता भेटघाटका लागि घोराही–६ लालीगुरास टोलका स्थानीयले उहाँलाई सडक र सिँचाइको योजनाको काम थालनी भएकोमा धन्यवाद दिँदै बाँकी सडक ग्राभेल र कल्भर्ट निर्माण गर्न माग गरेका छन्।

एमाले वडा कमिटी अध्यक्ष मोहन खड्काले एमालेको नेतृत्वमा वडामा गत वर्ष रु २० करोड बढीका योजना पार्न सफल भएको भन्दै यो वर्ष रु १७ करोड बढीको योजना सङ्घ, प्रदेश र स्थानीय सरकारबाट पारेको दाबी गर्नुभयो। मतदाता भेटघाटका



लागि वडा नम्बर ४ र ७ मा पुगेको एमाले प्रचार टोलीसँग स्थानीयले चुनावका बेला गरिने वाचामा भन्दा यसअघि दलहरूले गरेको विकासका काम हेरेर मत दिने बताएका छन्।

हिजोका दिनमा सर्रदेखि वर्षातमा हातमा चप्पल र काँधमा साइकिल बोकेर हिँड्नुपर्‍यो घोराही–७ का क्रिमलाल चौधरीले भन्नुभयो । एमाले नेतृत्वको सरकारले बजेट हालेपछि अहिले सडक कालोपत्रे भएको छ। पुरानाले केही गरेनन् भन्ने भ्रम चिर्न सिङ्गो गाउँ नै लागि परेको उहाँको भनाइ छ । महासचिव पोखरेलले टोलटोल बस्तीबस्ती, विभिन्न जातीय समुदाय, धार्मिक संस्था, किशानका घरमा पुगेर आफू र आफ्नो पार्टीलाई मतदान गर्न आग्रह गर्नुभएको छ ।रासस

# पुटिनले तेस्रो विश्वयुद्ध सुरु गरिसक्नुभयो : जेलेन्स्की

एएनआई

किएभ ।रुसले युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेको चार वर्ष पुग्नै लाग्दा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले तेस्रो विश्वयुद्धको प्रक्रिया सुरु गरिसकेको विश्वास व्यक्त गर्नुभएको छ । उहाँका अनुसार अहिलेको सङ्घर्ष केवल दुई देशबीच सीमित छैन, बरु विश्व व्यवस्थामाथिको चुनौतीका रूपमा विकसित भइरहेको छ ।

बिबिसीसँगको हालैको अन्तर्वार्ताको सारांश सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गर्दै जेलेन्स्कीले तेस्रो विश्वयुद्धबारे फरक-फरक धारणा रहेको उल्लेख गर्नुभयो । “तेस्रो विश्वयुद्धका बारेमा विभिन्न दृष्टिकोण छन् । मलाई लाग्छ पुटिनले यसलाई सुरु गरिसक्नुभएको छ । प्रश्न के हो भने, रुसले कति भूभाग कब्जा गर्न सक्छ र उसलाई कसरी रोक्ने ?” उहाँले लेख्नुभएको छ । उहाँका अनुसार उद्देश्य केवल रुसलाई जित्न नदिनु मात्र होइन, तर रुसले आफ्नो सोच र शासन पद्धति अरूमाथि थोपर्ने प्रयासलाई रोक्नु हो ।

जेलेन्स्कीले आफूले लामो समयदेखि पुटिनले व्यापक युद्धको ढोका खोलिसकेको ठानेको उल्लेख गर्दै युक्रेन अहिले त्यसलाई पूर्णस्तरको तेस्रो विश्वयुद्धमा परिणत हुनबाट रोक्ने ‘अग्रमोर्चा’ भएको दाबी गर्नुभएको छ । “आज हामी पुटिनलाई रोक्ने चौकी हौँ”, उहाँले भन्नुभएको छ ।

उहाँको टिप्पणी २४ फेब्रुअरी २०२२ मा सुरु भएको रुसी पूर्ण आक्रमणको चौथो वार्षिकोत्सवको एक दिनअघि आएको हो । यस अवधिमा युद्धले हजारौँको ज्यान लिएको छ र पूर्वी युरोपको सुरक्षा सन्तुलनमा गहिरो असर पारेको छ ।

जेलेन्स्कीले वर्तमान अवस्थामा सबैभन्दा ठूलो चुनौती युक्रेनको हवाई रक्षा प्रणाली सुदृढ पार्नु रहेको बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय साझेदारहरूले युक्रेनलाई उन्नत हवाई रक्षा प्रणाली स्वदेशमै उत्पादन गर्न आवश्यक इजाजतपत्र नदिएकोप्रति असन्तोष व्यक्त गर्नुभयो । “वायु रक्षा आजको सबैभन्दा चुनौतीपूर्ण मुद्दा हो”, उहाँले लेख्नुभएको छ, “दुर्भाग्यवश, साझेदारहरूले अझैसम्म हामीलाई उदाहरणका लागि प्याट्रियट प्रणाली आफैँ उत्पादन गर्न वा कम्तीमा हामीसँग रहेका प्रणालीका लागि मिसाइल बनाउन लाइसेन्स दिएका छैनन् ।”



अमेरिकामा निर्मित एमआईएम-१०४ प्याट्रियट प्रणालीको उल्लेख गर्दै उहाँले युक्रेनलाई कम्तीमा मिसाइल उत्पादनको अनुमति आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार आकाश सुरक्षित नभएसम्म नागरिक जीवन, शिक्षा, उद्योग र अर्थतन्त्र स्थिर हुन सक्दैन ।

# पुनर्मिलनको पर्खाइमा पाकिस्तानी बङ्गाली



एएफपी

कराची । पाकिस्तान र बङ्गलादेशबीच १४ वर्षपछि प्रत्यक्ष उडान पुनः सुरु भएसँगै कराचीका हजारौँ बङ्गाली मूलका बासिन्दामा पारिवारिक पुनर्मिलनको आशा जागेको छ । दशकौँदेखि राजनीतिक तनाव र कागजी जटिलताका कारण छुट्टिएका परिवारहरू फेरि भेटिने सम्भावनाले उनीहरू भावुक बनेका छन् ।

करिब तीन दशकअघि छोटो भ्रमणका लागि पाकिस्तान आउनुभएका ६० वर्षीय शाह आलम अझै कराचीमै अड्किनुभएको छ । सुक्खा माछा (सिद्रा) बेचेर जीविकोपार्जन गर्दै आउनुभएका उहाँले बङ्गलादेश फर्कने दृढता व्यक्त गर्नुभएको छ । “म जानेछु”, उहाँले अश्रुपूर्ण हुँदै भन्नुभयो, “ईद अल-अधा पछि म मेरो छोरासँग अवश्य फर्कनेछु ।”उहाँका आमाबाबु र पहिलो पत्नीको निधन भइसक्दा पनि उहाँ घर फर्कन सक्नुभएको थिएन । बङ्गलादेशमा उहाँको कृषि जमिन र पुर्ख्यौली घर अझै रहेको बताउनुभएको छ ।

सन् १९७१ को युद्धअघि एउटै राष्ट्र रहेका पाकिस्तान र बङ्गलादेशबीचको कटु द्वन्द्वपछि लाखौँको ज्यान गएको थियो । त्यसयता पाकिस्तानमा दश लाखभन्दा बढी जातीय बङ्गाली बसोबास गर्दै आएको अनुमान छ । कराचीका माचर कलोनीजस्ता क्षेत्रमा बङ्गाली समुदायको बाक्लो उपस्थिति छ, तर धेरैजना नागरिकता र परिचयपत्र अभावमा राज्यविहीन अवस्थाजस्तै जीवन बिताइरहेका छन् ।

बिस वर्षीय हुसेन अहमदले आफू बङ्गलादेश जान चाहेको तर नागरिकता कागजात नभएकाले असमर्थ रहेको बताउनुभयो । “म पाकिस्तानी हुँ, तर परिचयपत्र छैन”, उहाँले भन्नुभयो । अर्का २२ वर्षीय अहमदले आफ्नो परिवार सन् १९७१ अघि नै पाकिस्तानमा बसोबास गरिरहेको प्रमाणित गर्न नसक्दा सरकारी मान्यता नपाएको गुनासो गर्नुभयो । उहाँहरूका आफन्त बङ्गलादेशमा भए पनि भेटघाट सम्भव भएको छैन ।

गत वर्ष पाकिस्तानका विदेशमन्त्री इशाक दारले ढाका भ्रमण गरी बङ्गलादेशका नेतृत्वसँग भेटवार्ता गर्नुभएको थियो । त्यसपछि दुई देशबीचको सम्बन्ध सुधारतर्फ उन्मुख भएको सङ्केत देखिएको छ । हालै निर्वाचित बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानको कार्यकालमा पनि कूटनीतिक संवाद निरन्तर रहने अपेक्षा गरिएको छ ।

कराचीका स्थानीय राजनीतिज्ञ मुहम्मद रफिकल हुसेनका अनुसार पाकिस्तानभरि फैलिएका बङ्गाली समुदायले अर्थतन्त्रमा योगदान पुऱ्याउँदै आएका छन् । “यो हाम्रो चौथो पुस्ता हो”, उहाँले भन्नुभयो, “सौहार्दपूर्ण सम्बन्धले दुवै देशलाई फाइदा पुऱ्याउनेछ ।” तर सामुदायिक कार्यकर्ता हाफिज जैनुलाब्दीन शाहले बङ्गालीहरूले स्थानीय भाषा अपनाउँदै जाँदा आफ्नो सांस्कृतिक पहिचान कमजोर हुँदै गएको टिप्पणी गर्नुभयो ।

राजनीतिक उतारचढाव र पहिचानको द्विविधाबीच कराचीका बङ्गालीहरू अहिले एउटा साझा आशामा बाँधिएका छन्—सीमापार उडानसँगै बिछोडिएका परिवार फेरि एक हुने दिन नजिकिएको अनुभूति । “यो सम्बन्ध सदाका लागि कायम रहोस्”, शाहले भन्नुभयो, “हामी अभावबीच पनि आशावादी छौँ ।”

# माओवादी विद्रोह अन्त्यको ‘अन्तिम चरण’मा भारत

एएफपी

नयाँदिल्ली । भारत सरकारले दशकौँदेखि जारी माओवादी सशस्त्र आन्दोलन अब निर्णायक मोडमा पुगेको दाबी गरेको छ । एक वरिष्ठ माओवादी गुरिल्ला कमान्डरले आत्मसमर्पण गरेपछि केन्द्र र प्रभावित राज्यहरूले विद्रोह अन्त्यतर्फको ‘अन्तिम चरण’ सुरु भएको बताएका हुन् ।

सरकारी अधिकारीहरूका अनुसार छत्तीसगढमा वर्षौंदेखि सक्रिय रहनुभएका देवजी भनेर पनि चिनिने माओवादी कमान्डर थिप्पिरी तिरुपतिले आत्मसमर्पण गर्नुभएको छ । उहाँको आत्मसमर्पणलाई सुरक्षाकर्मीहरूले विद्रोही संरचनामा ठूलो धक्का ठानेका छन् । छत्तीसगढका उप-मुख्यमन्त्री विजय शर्माले आइतबार राति सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्नुभएको वक्तव्यमा ‘यो अन्तिम चरण हो’ भन्दै यसलाई सशस्त्र नक्सलवादको पूर्ण उन्मूलनतर्फको शक्तिशाली कदम बताउनुभएको छ ।

भारतले माओवादी विद्रोहीविरुद्ध व्यापक सुरक्षा अभियान तीव्र बनाइरहेको छ । हिमालयको फेदमा रहेको एक गाउँको नामबाट परिचित ‘ नक्सलवादी’ आन्दोलन करिब छ दशकअघि सुरु भएको थियो ।



त्यसयता फैलिँदै गएको यो आन्दोलन सन् २००० को दशकको मध्यतिर चरम अवस्थामा पुगेको थियो । त्यतिबेला १५ हजारदेखि २० हजारसम्म लडाकू सक्रिय रहेको अनुमान गरिएको थियो । त्यतिबेला देशको झन्डै एक तिहाइ भूभागमा विद्रोही प्रभाव देखिन्थ्यो । तर पछिल्ला वर्षहरूमा सुरक्षात्मक कारबाही र आत्मसमर्पणको लहरसँगै आन्दोलन नाटकीय रूपमा कमजोर भएको सरकारी दाबी छ ।

विद्रोहका क्रममा १० हजारभन्दा बढी व्यक्तिको ज्यान गएको छ । माओवादीहरूले भने आफूहरू वन क्षेत्रका सीमान्तकृत आदिवासी समुदायको अधिकारका लागि लडिरहेको बताउँदै आएका छन् । ती क्षेत्रहरूमा खानी कम्पनीहरूको चासो र बहुमूल्य प्राकृतिक स्रोतको दोहन मुख्य विवादको विषय रहँदै आएको छ ।

सरकारी तथ्याङ्कअनुसार सन् २०२४ यता ५०० भन्दा बढी माओवादी विद्रोही मारिएका छन्, जसमा केही शीर्ष कमाण्डर पनि परेका छन् । आत्मसमर्पण र सुरक्षात्मक कारबाहीलाई तीव्र पार्दै सरकारले मार्च ३१ भित्र विद्रोह अन्त्य गर्ने लक्ष्य सार्वजनिक गरेको छ ।

गृहमन्त्री अमित शाहले शनिबारको एक सम्बोधनमा भारत ‘मार्च ३१ सम्म माओवाद अन्त्य गर्न तयार’ रहेको बताउनुभएको थियो । “फेब्रुअरी अन्त्य हुँदै गइरहेको छ र मैले पहिले भनेको कुरा दोहोऱ्याउँछु- मार्च ३१ सम्ममा हामी यस देशलाई माओवादी समस्याबाट पूर्ण रूपमा मुक्त गर्नेछौँ”, उहाँले भन्नुभएको थियो । उहाँले विगत तीन वर्षमा हासिल प्रगतिको उल्लेख गर्दै यति जटिल र दीर्घकालीन चुनौती छोटो अवधिमा नियन्त्रणतर्फ उन्मुख हुनु ऐतिहासिक उपलब्धि भएको धारणा व्यक्त गर्नुभएको छ ।

सरकारले आत्मसमर्पणलाई निर्णायक मोडको सङ्केतका रूपमा प्रस्तुत गरिरहँदा, विद्रोहको सामाजिक र आर्थिक जडबारे बहस भने अझै कायम छ । यद्यपि आधिकारिक दाबीअनुसार भारत माओवादी आन्दोलनको समापनतर्फ अब अन्तिम चरणमा प्रवेश गरिसकेको छ ।

# ट्रम्प शुल्क योजनामा कानूनी अड्चन

एपी

बैङ्कक । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाउनुभएको व्यापक आयात करविरुद्ध सर्वोच्च अदालतले दिएको निर्णयपछि अन्तर्राष्ट्रिय व्यापार क्षेत्रमा अनिश्चितता बढेको छ । यद्यपि प्रारम्भिक प्रतिक्रिया स्वरूप एसियाली वित्तीय बजार भने अपेक्षाकृत शान्त देखिएका छन् र धेरै सूचकहरू उकालो लागेका छन् ।
शुक्रबार सार्वजनिक गरिएको फैसलाले अप्रिल २०२५ मा ट्रम्पले दर्जनौँ देशमाथि घोषणा गर्नुभएको व्यापक कर व्यवस्थालाई कानूनी चुनौती दिएको छ । उक्त निर्णयले त्यसयता भएका व्यापार वार्तामा बनेका सहमतिहरूलाई प्रभावित पार्न सक्ने अनुमान गरिएको छ । चीन र दक्षिण कोरियाजस्ता देशहरूले अब वासिङ्टनको अर्को कदम के हुने भन्ने प्रतीक्षामा रहेका छन् ।

चीनको वाणिज्य मन्त्रालयले अन्तर र्राष्ट्रिय आपतकालीन आर्थिक शक्ति ऐन (आइइपिए) अन्तर्गत लगाइएका करबारे ‘विस्तृत मूल्याङ्कन’ गरिरहेको जनाएको छ । मन्त्रालयका एक प्रवक्ताले अमेरिकालाई ‘व्यापारिक साझेदारमाथि लगाइएका एकपक्षीय कर हटाउन’ आग्रह गरेका छन् ।



आधिकारिक समाचार एजेन्सी सिन्ह्वाका अनुसार बेइजिङले व्यापार युद्धमा कसैको पनि जीत नहुने र यी उपायहरूले अन्तर्राष्ट्रिय आर्थिक नियम मात्र नभई, अमेरिकी घरेलु कानूनसमेत उल्लङ्घन गरेको दोहोऱ्याएको छ ।

अदालतको निर्णयलगत्तै ट्रम्पले वैकल्पिक कानूनी प्रावधान प्रयोग गर्दै सन् १९७४ को व्यापार ऐनको धारा १२२ अन्तर्गत १० प्रतिशत विश्वव्यापी कर प्रस्ताव गर्नुभएको थियो, जसलाई पछि १५ प्रतिशतमा बढाउने सङ्केत गर्नुभयो । चीन र केही एसियाली निर्यातकर्ताका लागि यसले केही राहत दिन सक्ने भए पनि जापान, बेलायत तथा अन्य अमेरिकी सहयोगी देशहरूका लागि करका दर बढ्न सक्ने आकलन गरिएको छ ।

अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरले सिबिएस न्युजसँगको अन्तर्वार्तामा अमेरिकाले आफ्नो व्यापार सम्झौताप्रति प्रतिबद्ध रहने र साझेदारहरूले पनि त्यस्तै गर्ने अपेक्षा गरेको बताउनुभयो । “सम्झौताहरू आपतकालीन कर बढ्ने वा घट्ने आधारमा गरिएको होइन”, उहाँले भन्नुभयो, “अहिलेसम्म कसैले पनि सम्झौता भङ्ग भएको भनेको छैन, सबैले प्रक्रिया हेर्न चाहिरहेका छन् ।”

दक्षिण कोरियाका व्यापारमन्त्री किम जङ-क्वानले वैकल्पिक कानूनअन्तर्गत नयाँ कर लागु भए अनिश्चितता थप गहिरिन सक्ने बताउनुभयो । उहाँका अनुसार दक्षिण कोरियाली कम्पनीहरूमा नकारात्मक असर कम गर्न अमेरिकी अधिकारीहरूसँग ‘सौहार्दपूर्ण’ छलफल भइरहेको छ । अटोमोबाइल र स्टिलजस्ता प्रमुख निर्यात क्षेत्रहरू अन्य व्यापार कानूनअन्तर्गत पहिले नै करको दायरामा रहेका छन् । “भविष्यका अमेरिकी कर उपायहरूको अनिश्चिततालाई ध्यानमा राख्दै सार्वजनिक र निजी क्षेत्रले निर्यात प्रतिस्पर्धा सुदृढ गर्न र बजार विविधीकरणमा सहकार्य गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले पनि विद्यमान सम्झौताहरू कायम रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले नयाँ १५ प्रतिशत विश्वव्यापी करबाट प्राप्त हुने राजस्व स्थिर रहने दाबी गर्नुभयो । गैरकानूनी घोषित करअन्तर्गत सङ्कलित कर फिर्ता गर्ने विषय अदालतको निर्णयमा निर्भर रहने बताउँदै उहाँले ‘ हामी अदालतको आदेश पालन गर्नेछौँ’ भन्नुभयो ।

बजारतर्फ हेर्दा सोमबार प्रारम्भिक कारोबारमा अमेरिकी फ्युचर्स घटेका थिए–एस एण्ड पी ५०० का अनुबन्ध ०.६ प्रतिशत र डाउ जोन्स औद्योगिक औसत ०.५ प्रतिशतले झरे । तेलको मूल्य घट्दा जापानी येन र युरोको तुलनामा अमेरिकी डलर कमजोर भयो । तर एसियाली बजारमा भने सकारात्मक प्रतिक्रिया देखियो, हङकङको ह्याङ सेङ सूचकाङ्क २.४ प्रतिशतले उकालो लाग्यो ।

# किम पुनः महासचिव, आणविक शक्ति अझ विस्तारको सङ्केत

एपी

सियोल । उत्तर कोरियाली नेता किम जोङ-उन सत्तारुढ वर्कर्स पार्टीको महासचिवमा पुनः निर्वाचित हुनुभएको छ । राजधानी प्योङ्याङमा जारी पार्टी कङ्ग्रेसले उहाँको नेतृत्वमा आणविक क्षमता विस्तार र सैन्य शक्ति सुदृढीकरणलाई आगामी पाँच वर्षको केन्द्रीय कार्यदिशा बनाउने सङ्केत दिएको छ ।

कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार चौथो दिनको बैठकमा हजारौँ प्रतिनिधिहरूको ‘अटल र सर्वसम्मत इच्छा’ का आधारमा किम पुनः महासचिव चयन हुनुभएको हो । पार्टी नियमअनुसार सन् २०१६ यता प्रत्येक पाँच वर्षमा आयोजना हुने कङ्ग्रेसले महासचिव चयन गर्दै आएको छ । बयालिस वर्षीय किमले शासनकालमा शीर्ष पद प्योङ चोललगायत विगत दशकमा आणविक विकाससँग जोडिएका केही उच्च अधिकारीहरू पनि सूचीमा समावेश हुनुभएको छैन । अन्तर-कोरियाली मामिलामा संलग्न किम योङ चोल र रि सोन ग्वोनलाई समेत हटाइएको दक्षिण कोरियाली एकीकरण मन्त्रालयका प्रवक्ता युन मिन होले बताउनुभएको छ ।

विश्लेषकहरूले किमले परम्परागत सेनालाई आणविक क्षमतासँग एकीकृत गर्ने नयाँ सैन्य लक्ष्य सार्वजनिक गर्न सक्ने आकलन गरेका छन् । उहाँले विशेषतः महामारीपछि चीनसँगको व्यापार र रसियासँगको सहकार्यबाट लाभ लिने रणनीतिका बीच जन-परिचालनमार्फत आर्थिक ‘आत्मनिर्भरता’ अभियानलाई पुनः जोड दिने सम्भावना पनि देखिएको छ ।

किमले गत सेप्टेम्बरमा बेइजिङ भ्रमण गरी



सम्हालिरहनुभएको छ - पहिले पहिलो सचिव, त्यसपछि अध्यक्ष र सन् २०२१ देखि महासचिवको उपाधिमा रहँदै आउनुभएको छ ।

कङ्ग्रेसको प्रतिवेदनले एसियामा रहेका अमेरिकी सहयोगीहरू र अमेरिकी मुख्य भूमिलाई नै निशाना बनाउन सक्ने क्षेप्यास्त्रसहितको आणविक शस्त्रागारलाई थप सुदृढ गर्ने लक्ष्य औँल्याएको छ । पार्टीले विज्ञप्तिमार्फत किमको नेतृत्वमा ‘ आक्रमणको कुनै पनि खतरा’ र ‘कुनै पनि प्रकारको युद्ध’ सामना गर्न सक्ने सैन्य शक्ति निर्माण भएको दाबी गर्दै राष्ट्रिय गौरव र आत्मसम्मान बढेको उल्लेख गरेको छ ।

बैठकले शक्तिशाली केन्द्रीय समितिको नयाँ सूची सार्वजनिक गर्दै नेतृत्व तहमा पुस्तागत परिवर्तनको सङ्केत दिएको छ । एक सय ३८ सदस्यीय निकायमा केही वृद्ध सैन्य अधिकारीहरू र सर्वोच्च जनसभाका ७६ वर्षीय अध्यक्ष चोइ रियोङ हे बाहिरिनुभएको छ । मार्सल पाक जोङ चोन र रि चिनियाँ राष्ट्रपति सी जिनपिङसँग छ वर्षपछि पहिलो शिखर वार्ता गर्नुभएको थियो । चीनको सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार सीले पुनः निर्वाचनमा बधाई सन्देश पठाउनुभएको छ । युक्रेन युद्धमा रूससँगको सहकार्य र आणविक कार्यक्रमको आक्रामक विस्तारपछि वासिङ्टन र सियोलसँगको सम्बन्ध थप तनावपूर्ण बनेको छ ।

उत्तर कोरियाले सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको वार्ता विफल भएपछि संयुक्त राज्य अमेरिका र दक्षिण कोरियासँगको अर्थपूर्ण कूटनीति स्थगित गरेको थियो । हालै किमको सरकारले वासिङ्टनसँग वार्ताका लागि उत्तर कोरियाको आणविक निशस्त्रीकरण पूर्वशर्त हटाउन आग्रह गर्दै आएको छ । सन् २०२४ मा किमले दक्षिण कोरियासँगको शान्तिपूर्ण पुनर्मिलन नीति त्याग्दै उसलाई स्थायी शत्रु घोषणा गर्नुभएको थियो ।

# अफगानिस्तानमा पाकिस्तानले गेरको हवाई आक्रमणमा ८० जना भन्दा बढीको मृत्यु

एएनआई

इस्लामाबाद । अफगानिस्तानको नङ्गरहार, पक्तिका र खोस्त प्रान्तका सात स्थानमा पाकिस्तानले हवाई गरेको जनाइएको छ । आक्रमणमा ८० जना भन्दा बढी व्यक्तिको मृत्यु भएको जियो न्यूजले इस्लामाबादको सुरक्षा स्रोतलाई उद्धृत गर्दै जनाएको छ ।पछिल्लो आत्मघाती आक्रमणको प्रतिक्रियामा पाकिस्तानले पनि यस क्षेत्रमा धेरै आक्रमण गरेको जनाइएको छ । लक्षित स्थानहरूमा नङ्गरहार, खोस्तमा ख्वारीजी मौलवी अब्बास सेन्टर, नङ्गरहारमा ख्वारीजी इस्लाम सेन्टर र ख्वारीजी इब्राहिम सेन्टर र पक्तिकामा ख्वारीजी मुल्लाह रहबर र ख्वारीजी मुखलिस यार रहेको जनाइएको छ ।

यस अघि पाकिस्तानका आन्तरिक राज्यमन्त्री तलाल चौधरीले सीमापार कारबाहीमा करिब ७० जना आतङ्ककारीलाई नि-सस्त्र बनाएको बताउनु भएको थियो ।प्रतिबन्धित तहरीक-ए-तालिबान पाकिस्तान, यसका सम्बद्धहरू र इस्लामिक स्टेट-खोरासन प्रान्त (दाइश-खोरासन) का लागि पाकिस्तानी अधिकारीहरूले प्रयोग गर्ने शब्द फितना अल-खवारीजसँग सम्बन्धित शिविरहरूलाई लक्षित गरी आक्रमण गरिएको सरकारले जनाएको छ ।

जियो न्यूज कार्यक्रम “जियो पाकिस्तान“ सँग कुरा गर्दै चौधरीले अफगानिस्तान सीमापार आतङ्कवादको स्रोत बनेको आरोप लगाउनु भएको छ । उहाँले पाकिस्तानले आफ्ना नागरिकहरूको सुरक्षाका लागि आवश्यक उपायहरू अपनाइरहेको र करिब ७० हजार गुप्तचर-आधारित



अपरेसनहरू घरेलु रूपमा सञ्चालन गरिएको उल्लेख गर्नु भएको छ जसको परिणामस्वरूप धेरैलाई पक्राउ गरिएको थियो ।पाकिस्तानको सूचना र प्रसारण मन्त्रालयले आक्रमणलाई “सटीक र सही“ भन्दै इस्लामाबाद, बाजौर र बन्नुमा हालैका आत्मघाती बम विस्फोटहरूको प्रतिशोधात्मक प्रतिक्रिया भनेको छ । इस्लामावादले अफगानिस्तानको मिले-मत्तोमा आधारित आक्रमणहरू आयोजना गरिएको र टिटिपी र दाइश तत्वहरूसँग जोडिएको दाबी गरेको छ ।

उक्त आक्रमणले पक्तिका प्रान्तको बरमल क्षेत्र, नङ्गरहार प्रान्तको खोग्यानी जिल्ला, साथै घानी खेल, बेहसुद र अर्गुन क्षेत्रका ठाउँहरूलाई लक्षित गरेको बताइएको छ ।चौधरीले सन् २०२० को दोहा सम्झौताको उल्लेख गर्दै अफगान तालिबानले अफगानिस्तानको भूमि आतङ्कवादका लागि प्रयोग गर्न नदिने वाचा गरेको बताउनु भएको छ । उहाँले काबुलको अन्तरिम प्रशासन आतङ्कवादी गतिविधि रोक्न असफल भएको आरोप समेत लगाउनु भएको छ ।

पाकिस्तानले आफ्नो सुरक्षा चिन्तालाई सम्बोधन गर्न कूटनीतिक र सैन्य स्तरका प्रयासहरू गरेको र राजनीतिक दलहरूलाई आतङ्कवाद विरुद्ध एकजुट हुन आग्रह गरेको उहाँले बताउनु भयो ।पाकिस्तानको खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा हिंसामा वृद्धि भएपछि पछिल्लो आक्रमण भएको जनाइएको छ । विशेष गरी २०२१ मा अफगानिस्तानमा तालिबान सत्तामा फर्किए पछि हालैका वर्षहरूमा इस्लामाबाद र काबुल बिच तनाव बढेको जनाइएको छ ।

सन् २०२५ अक्टोबर मा, पाकिस्तानी सेना र अफगान तालिबान लडाकुहरू बिचको सीमा झडपका कारण दुवै पक्षको ठुलो क्षति भएको बताइएको छ। चरणवद्ध वार्ताका बावजुद, दुवै देशले स्थायी शान्ति हासिल गर्न संघर्ष गरेका छन् ।यसैबीच, काबुलले यस अघि आतङ्कवादी समूहहरू अफगान क्षेत्रबाट सञ्चालन गर्ने इस्लामाबादको आरोपलाई अस्वीकार गर्दै पाकिस्तानको सुरक्षा चुनौतिहरू आन्तरिक विषय भएको बताएको छ ।

# सामसुङले स्मार्टफोनका लागि विशेष 'हात उठाउने' अग्रिम आरक्षण योजना सार्वजनिक




**टुडे समाचारदाता**

काठमाण्डु । Samsung ले आफ्नो आगामी ग्यालेक्सी स्मार्टफोन सार्वजनिक हुनुअघि नै ग्राहकलाई विशेष सुविधा दिने उद्देश्यले 'हात उठाउने' (अग्रिम आरक्षण) योजना घोषणा गरेको छ ।

यस योजना अन्तर्गत ग्राहकहरूले औपचारिक सार्वजनिक हुनुअघि नै नयाँ ग्यालेक्सी स्मार्टफोन सुरक्षित गर्न सक्नेछन् भने अधिकतम २० हजार ९९९ रुपैयाँ बराबरका विशेष सुविधा प्राप्त गर्नेछन्। प्रारम्भिक ग्राहक तथा ब्रान्डप्रति निष्ठावान प्रयोगकर्तालाई लक्षित गर्दै ल्याइएको यस सीमित अवधिको योजनामा योग्य पुराना स्मार्टफोन साटासाट गरेर नयाँ उपकरण अग्रिम आरक्षण गर्न सकिनेछ। अग्रिम आरक्षण गर्ने ग्राहकहरूले निम्न सुविधा पाउने कम्पनीले जनाएको छः

१ टेराबाइटसम्मको भण्डारण क्षमता वृद्धि (अधिकतम १५,००० रुपैयाँ बराबर)

६० वाट क्षमताको छिटो चार्ज हुने चार्जर (अधिकतम ५,९९९ रुपैयाँ बराबर)

साटासाट कार्यक्रम अन्तर्गत चयनित प्रिमियम उपकरणहरू समावेश गरिएको छ। जसमा Samsung Galaxy S२३, Samsung Galaxy S२४ र Samsung Galaxy S२५ लगायत ग्यालेक्सी एस शृंखलाका मोडेलहरू रहेका छन्। त्यसैगरी iPhone १४, iPhone १५ र iPhone १६ पनि साटासाटका लागि योग्य सूचीमा छन्।

यो 'हात उठाउने' योजना फागुन ११ गते (२३ फेब्रुअरी) देखि फागुन १४ गते (२६ फेब्रुअरी) २०२६ सम्म मात्र मान्य रहनेछ। यस अवधिमा ग्राहकहरूले आफ्नो विवरण दर्ता गरी योग्य उपकरण साटासाट गरेर नयाँ पुस्ताको ग्यालेक्सी स्मार्टफोन सुरक्षित गर्न सक्नेछन्।

Pranaya Ratna Sthapit, निर्देशक, सामसुङ मोबाइल अनुभव विभाग, ले भने, "यस योजनामार्फत हामी आफ्ना निष्ठावान ग्राहकलाई नयाँ प्रविधिमा छिटो पहुँच र थप मूल्य प्रदान गर्न चाहन्छौं। नेपालका उपभोक्तालाई सहज स्तरोन्नति अनुभव उपलब्ध गराउने हाम्रो प्रतिबद्धता यसले प्रतिबिम्बित गर्दछ।"

ग्राहकहरूले सामसुङको आधिकारिक अभियान वेबसाइटमा गई 'हात उठाउने' योजना चयन गरेर आफ्नो विवरण भर्नुका साथै साटासाट दर्ता प्रक्रिया पूरा गरी अग्रिम आरक्षण सुनिश्चित गर्न सक्ने कम्पनीले जनाएको छ।

# शाओमी नेपालले नेपालगञ्ज र घोराहीमा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्यायो




**टुडे समाचारदाता**

नेपालगञ्ज । विश्वप्रसिद्ध प्रविधि कम्पनी शाओमीले नेपालगञ्जको सेतु बिकेचोकमा र दाङको घोराहीस्थित तुलसीपुरचोकमा आधिकारिक सर्भिस सेन्टर उद्घाटन गर्दै नेपालमा आफ्नो सेवा विस्तार गरेको छ । यो सुविधा केन्द्र शाओमी प्रयोगकर्तालाई थपसेवा, सुविधाप्रदान गर्ने उद्देश्यले स्थापना गरिएको हो।

नयाँ सर्भिस सेन्टरमार्फत शाओमीका स्मार्टफोन, वेअरएबल्स (जस्तै स्मार्टवाच र फिटनेस ब्यान्ड), हियरएबल्स (इयरफोन/हेडफोन), तथा आइओटी उपकरणहरूको मर्मत, सेवा तथा प्राविधिक सहयोग उपलब्ध गराइने कम्पनीले जनाएको छ। सर्भिस सेन्टरले शाओमीका वास्तविक (जेनुइन) स्पेयर पार्ट्स उपलब्ध गराउनुका साथै ग्राहकलाई गुणस्तरीय र भरपर्दो सेवा सुनिश्चित गर्नेछ।

यो सर्भिस सेन्टरको सञ्चालन टेलिडाइरेक्ट प्रा.लि.ले गर्नेछ । टेलिडाइरेक्ट रमेश कर्पअन्तर्गतको कम्पनी हो, जसले नेपालभर शाओमी ब्रान्डका लागि आधिकारिक सर्भिस र ग्राहकलाई विश्वास योग्य सेवा प्रदानगर्दै आएको छ।

नेपालगञ्जको सेतु बिकेचोक र दाङको घोराहीस्थित तुलसीपुरचोक को यो सर्भिस सेन्टर उद्घाटनको मितिदेखि एक महिनासम्म स्थानीय ग्राहकहरूकालागि विशेष सुविधा प्रदान गर्ने घोषणा गरेको छ । यस अवधिमा ग्राहकहरूले सबै उपकरणको निःशुल्क सर्भिसिङ र सफ्टवेयर अपग्रेड, वारिन्टी बाहिर रहेका स्पेयर पार्ट्स र मर्मत सेवामा २५% सम्म छुट, साथै वारिन्टी बाहिरका स्पेयर पार्ट्समा कुनै सर्भिस शुल्क नलाग्ने जस्ता सुविधाहरु प्रदान गर्नेछ।

नेपालगञ्जको सेतु बिकेचोक र दाङको घोराहीस्थित तुलसीपुरचोकका यी सर्भिस सेन्टरमा दक्ष प्राविधिकहरू उपलब्ध रहनेछन्, जसले सामान्य मर्मतदेखि जटिल प्राविधिक समस्या सम्मका सेवा आधिकारिक मापदण्डअनुसार उपलब्ध गराउनेछन्। शाओमी प्रयोगकर्ताहरूले तत्काल सर्भिस र सल्लाहकालागि सो स्थानमा सम्पर्क गर्न सक्नुहुनेछ ।

# फोहरजन्य वस्तु बिक्री गरी सात महिनामा रु १४ लाख आम्दानी



दमौली । तनहुँको व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी चालु आर्थिक वर्षको सात महिनामा रु १४ लाख भन्दा बढी आम्दानी गरेको छ । फोहरका रुपमा सङ्कलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्म रु १४ लाख ५० हजार छ सय ११ आम्दानी गरेको हो ।

नगरपालिकाले फोहरमैला, सिसाजन्य वस्तु बिक्रीबाट उक्त आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो ।

फोहरमैलाव्यवस्थापनकोचुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी सङ्कलन गर्न थालेको छ । कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने र बिक्री गर्न योग्य फोहर बिक्री गरी आम्दानी गरिएको लम्सालले बताउनुभयो । उहाँले भन्नुभयो, "एकैठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ ।"

फोहर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकालाई आन्तरिक स्रोत वृद्धिमा सहयोग पुगेको लम्सालले बताउनुभयो ।

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने र नकुहिने फोहरभित्र पनि विभिन्न सिसा, प्लास्टिक, कागज जस्ता चिजहरू छुट्ट्यएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालिएको बताउनुभयो ।

नगरपालिकाले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणका उपाय सिकाएको छ । नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहरहरु छुट्याएर बिक्री गरिरहेको छ । ३२ वर्षसम्म पनि फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भन्नुभयो, "विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो । जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।"

नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिक रुपमा फोहर सङ्कलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ ।रासस

# व्यावसायिक स्याउ खेती सुरु गर्दै वैकुण्ठेका किसान

भोजपुर ।यहाँको रामप्रसाद राई गाउँपालिका-६ वैकुण्ठेका किसानले व्यावसायिक स्याउ खेती सुरु गरेका छन् । वडाले स्याउ खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेपछि स्थानीय किसान सङ्गठित रूपमै यसतर्फ आकर्षित भएका हुन् ।

बाक्पा, भामला, माथिल्लो छापगाउँको दिङ्ला र चोक्ताङ क्षेत्रमा करिब एक हजार उन्नत जातका स्याउका बिरुवा विस्तार गरिएको छ। सोलुखुम्बुबाट ल्याइएका कलमी खेती विस्तारका लागि आवश्यक अनुदान सहयोग गर्दै आएको छ ।"

वडाध्यक्ष एकराज आचार्यका अनुसार वडाभित्रको कृषियोग्य जमिनमा भूगोल र माटो सुहाउँदो खेती प्रणाली अवलम्बन गर्न विशेष जोड दिइएको छ । स्याउ उत्पादनका लागि उपयुक्त क्षेत्र पहिचान गरी किसानलाई व्यावसायिक खेतीमा प्रोत्साहन गर्ने योजना अघि बढाइएको उहाँले जानकारी दिनुभयो । "हामीले स्याउ खेती विस्तार कार्यक्रमलाई



बिरुवा किसानलाई वितरण गरिएको हो । गत वर्ष साम्के र तामालुङ गाउँमा मात्रै १०० रोपनीभन्दा बढी क्षेत्रफलमा करिब एक हजार ८०० बिरुवा रोपिएको थियो ।

स्थानीयवासी पाण्डव राईका अनुसार साम्के र तामालुङका ३६ जना किसानले १०० रोपनी क्षेत्रफलमा स्याउ खेती विस्तार गरेका छन् । वडाको ५० प्रतिशत लागत साझेदारी अनुदानले किसानलाई हौसला मिलेको उहाँले बताउनुभयो । "हामी अहिले व्यावसायिक स्याउ खेतीमा जुटेका छौं," राईले भन्नुभयो, "वडाले प्राथमिकतामा राखेका छौं," वडाध्यक्ष आचार्यले भन्नुभयो, "यहाँको माटो र हावापानी स्याउ उत्पादनका लागि उपयुक्त देखिएको छ । यस क्षेत्रलाई स्याउको नमूना क्षेत्रका रूपमा विकास गर्ने हाम्रो लक्ष्य छ ।"यसअघि पनि वडाले व्यावसायिक सुन्तला खेती प्रवर्द्धनका लागि नर्सरी स्थापना गरेको थियो । स्थानीय हावापानीमा उत्पादन भएका बिरुवा किसानलाई उपलब्ध गराउने उद्देश्यले नर्सरी सञ्चालन गरिएको वडाको भनाइ छ ।रासस

# वन्यजन्तु आतङ्क नियन्त्रणमा प्रतिबद्धता जनाउने उम्मेदवार खोज्दै मध्यवर्ती क्षेत्रका बासिन्दा

कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बासिन्दा वन्यजन्तु आतङ्क न्यूनीकरणलाई मुख्य मुद्दा बनाउने उम्मेदवारको खोजी गरिरहेका छन् ।

निकुञ्जबाट बस्ती र खेतीयोग्य जमिनतर्फ छिर्ने बदेल, निलगाई, चितल र हात्तीले बर्सेनि बालीनालीमा व्यापक क्षति पुऱ्याउने गरेका छन् । बाघ र चितुवाले गोठबाटै गाई, भैंसी र बाख्रा तानेर मार्ने घटना दोहोरिँदै आएको स्थानीयको गुनासो छ ।

मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने पिपलाडीका ६५ वर्षीय गङ्गाराम डगौराले बालीनाली जोगाउन बलिया मचान, विद्युतीय मेसवायर, सोलार बत्ती तथा टर्चलाइटको व्यवस्था अत्यावश्यक रहेको बताउनुभयो । "निकुञ्ज नजिकैको बस्ती भएकाले जङ्गली जनावरले केही बाँकी राख्दैनन्, मचानबाट निगरानी गरी भगाउन सकिन्छ तर संरचना छैन, पैदल खेतमा जाँदा आक्रमणको उच्च जोखिम हुन्छ", उहाँले भन्नुभयो, "वर्षौंदेखि माग राख्दासमेत सुनुवाइ हुन सकेको छैन, त्यसको सुनावाइ गरी कार्य गर्ने उम्मेवार चाहिएको छ ।"

खजुवाका ६० वर्षीय किडे धानुकका अनुसार जडान गरिएको मेसवायर वर्ष दिन नपुग्दै हात्ती र वर्षाले भत्काएको छ । "कतै हात्तीले ढालेको छ, कतै बाढीले बगाएको छ, मर्मत हुन सकेको छैन", उहाँले भन्नुभयो । बलियो विद्युतीय तारबार, स्याली नदीमा तटबन्ध, कालोपत्रे सडक र सिँचाइको व्यवस्था प्रमुख माग रहेको उहाँले बताउनुभयो । खजुवा क्षेत्रमा मात्रै ६० भन्दा बढी परिवार बसोबास गर्दै आएका छन् ।

जोनापुरका महेश महराले वन्यजन्तु प्रवेश गर्ने संवेदनशील स्थानमा प्रभावकारी मेसवायर जडान, सडक पूर्वाधार सुधार र नदी नियन्त्रणमा प्रतिबद्ध उम्मेदवारलाई मात्रै मत दिने धारणा व्यक्त गर्नुभयो । "महिना दिन अघि मात्रै छिमेकीले कर्जा गरेर ल्याएका दुई उन्नत गाई बाघले गोठबाटै घिसारेर मारेको छ, क्षतिपूर्ति पाउन सकेका छैनौं", उहाँले भन्नुभयो । हात्तीले पाक्दै गरेको धान, गहुँ र उखु सखाप पार्ने गरेको उहाँको भनाइ छ ।

मध्यवर्ती क्षेत्रअन्तर्गत २४३ दशमलव पाँच वर्ग किलोमिटर पर्दछ । उक्त क्षेत्रमा पाँच नगरपालिका र दुई गाउँपालिकाका ४८ वटा वडा पर्दछन् । मध्यवर्ती क्षेत्रमा ३८ उपभोक्ता समिति गठन भएका छन् । उपभोक्ता समितिमार्फत मध्यवर्ती क्षेत्रमाका वन्जयजन्तु पीडित बासिन्दालाई राहत, क्षतिपूर्तिका कार्यक्रमसहित मेसवायर, सुधारिएको चुलो, बत्ती जडानलगायत कार्य हुँदै आएका छन् ।

व्यवस्थापन समितिमार्फत जैविक विविधता संरक्षण, सामुदायिक विकास, आयआर्जन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका कार्यक्रम सञ्चालन हुँदै आएको निकुञ्ज प्रशासनको भनाइ रहेको छ ।

यद्यपि स्थानीय बासिन्दाले ती प्रयास पर्याप्त नभएको भन्दै दीर्घकालीन र भरपर्दो योजना अघि सार्ने उम्मेदवारको अपेक्षा गरेका छन् । "वन्यजन्तु आतङ्क नियन्त्रण, क्षतिपूर्ति प्रणाली सरल र प्रभावकारी बनाउने तथा आधारभूत पूर्वाधार विकास गर्ने स्पष्ट प्रतिबद्धता चाहिन्छ," स्थानीयको सामूहिक माग छ ।रासस

## मालपोत कार्यालय ढल्केबर, धनुषा

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सम प्रसाद महतो सुडीको नाति ब्रम्हदेव महतो सुडी भन्ने देव साह सुडीको छोरा जिल्ला धनुषा सबैला नगरपालिका वडा नं.२ बस्ने जोग नारायण महतो सुडी र राम नारायण महतो सुडीले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको बाबु देव साह सुडीको नाममा छुट जग्गा दर्ता/छुट जग्गा नामसारी दर्ता गरी पाउँ भनि द.नं.२६६५ मिति ०८१।१२।०३ को निवेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा छुटजग्गा/छुट जग्गा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए.वा ब्रम्हदेव महतो सुडी र देव साह सुडी फरक व्यक्ति हुन भन्ने कुनै आधार प्रमाण भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | लबटोली | ९। क | ३ | २-०-१०-० |
| धनुषा | लबटोली | ९। क | ४ | २-९-९-० |

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय, मिर्चैया, सिराहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

<table>
<tr><th colspan="2">ऋणीको विवरण</th></tr>
<tr><td colspan="2">सहदेव यादवको नाति, बुधराम यादवको छोरा, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने प्रदिप कुमार यादव (ना.प्र.नं .५७८९/६३, जारी मिति २०६३/०१/२४, जि.प्र.का. सिराहा) ।</td></tr>
<tr><th colspan="2">व्यक्तिगत जमानतकर्ताको विवरण</th></tr>
<tr><td>१. सहदेव यादवको नाति, बुधराम यादवको छोरा, सिराहा जिल्ला, साविक चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने श्रवन कुमार यादब (ना.प्र.नं. १५१०७०/१६४२५, जारी मिति २०६८/०७/०२, जि.प्र.का. सिराहा) ।</td><td>२. सहदेव यादवको बुहारी, बुधराम यादवको पत्नी, सिराहा जिल्ला, साविक चन्द्र अयोध्यापुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने रजनी कुमारी यादव (ना.प्र.नं. १५३०७०/२७, जारी मिति २०६३/१०/०९, जि.प्र.का. सिराहा) ।</td></tr>
<tr><td colspan="2">३. धनई यादवको नाति, सहदेव यादवको छोरा, सिराहा जिल्ला, साविक डुमरी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने बुधराम यादव (ना.प्र.नं. ३९४८०१४८, जारी मिति २०४७/०३/३१, जि.प्र.का. सिराहा) ।</td></tr>
<tr><th colspan="2">धितोको विवरण</th></tr>
<tr><td colspan="2">प्रदिप कुमार यादव (ना.प्र.नं. ५७८९/६३, जारी मिति २०६३/०१/२४, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मालपोत कार्यालय सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४ क स्थित कि.नं. ४५४५ क्षेत्रफल ०-०-१४ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
</table>

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा ठेरा कचुरी गा.वि.स. वडा नं.९ हाल परिवर्तित मिथिला बिहारी न.पा. वडा नं.१० मा बस्ने भागवत झाको नाती अनुपलाल झाको छोरा श्रीदेव झाले मेरो नाउँमा नापी भएको तपसिल बमोजिमका जग्गा नापनक्सा भएकोमा नापीको बखत अनुपस्थित भएको कारण दर्ता गर्न छुट भएकोले छुट जग्गा दर्ता गरी पाउँ भनी द.नं.१२००२ मिति २०८२/१०/०७ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/०५ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | गोपालपुर | ८क | २१५ | ०-०-१२-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन मिया द. |
| धनुषा | गोपालपुर | ८क | २६९ | ०-२-५-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन मिया द. |
| धनुषा | गोपालपुर | ८क | २८९ | ०-०-१५-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन मिया द. |
| धनुषा | गोपालपुर | ८ख | ४ | ०-०-८-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन कवारी द. |
| धनुषा | गोपालपुर | ८ख | ३९ | ०-१-१७-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन कवारी द. |
| धनुषा | गोपालपुर | ८ख | ६५ | ०-२-१५-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन कवारी द. |
| धनुषा | गोपालपुर | ८ख | ७८ | ०-१-०-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन कवारी द. |
| धनुषा | गोपालपुर | ८ख | १५२ | ०-३-१५-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन कवारी द. |
| धनुषा | गोपालपुर | ८ख | ८९ | ०-०-१७-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन कवारी द. |
| धनुषा | गोपालपुर | ८क | २१३ | ०-१-१०-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. महाजन मिया द. |
| धनुषा | गोपालपुर | ९क | ११७ | ०-१-१०-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. पुरन महतो द. |
| धनुषा | गोपालपुर | ९क | १४७ | ०-१-३-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. पुरन महतो द. |
| धनुषा | गोपालपुर | ९ख | २३४ | ०-२-१५-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. पुरन महतो द. |
| धनुषा | गोपालपुर | ९ग | २ | ०-१२-०-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. पुरन महतो द. |
| धनुषा | गोपालपुर | ९ख | ३४ | ०-६-९-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. चन्द्रदेव झा द. |
| धनुषा | गोपालपुर | ९ख | १४ | ०-९-०-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. चन्द्रदेव झा द. |
| धनुषा | गोपालपुर | ८ख | १९७ | ०-९-१०-० | यो जग्गा पं.ठेरा वार्ड नं.९ बस्ने श्रीदेव झाको नम्बरी हो भनी प्रमाणित गर्ने वा.स. श्रीप्रसाद पुर्वे द. |

# मदिरा बिक्रीमा रोक



**टुडे समाचारदाता**

राजविराज । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको दृष्टिगत गर्दै जिल्ला सुरक्षा समिति सप्तरीले खुद्रा तथा थोक मदिरा पसल साँझ ७ बजे बन्द गराउने निर्णय गरेको छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, व्यवस्थित एवं मर्यादित रुपमा सम्पन्न गराउने उद्देश्यले जिल्ला सुरक्षा समिति तथा सरोकारवालाहरुको बैठकले सो निर्णय गरेको हो ।

प्रशासनले इजाजत प्राप्त खुद्रा तथा थोक मदिरा विक्रेताहरुले मदिरा बिक्री वितरण गर्न पाउने समय ७ बजे र होटल तथा रेष्टुरेन्टहरुमा सेवन गर्ने समय बढीमा ८ बजे सटर बन्द गर्ने गरी तोकिएको जनाएको छ ।

जिल्लास्थित खुद्रा मदिरा पसलहरुले व्यवसाय दर्ता प्रमाणपत्र बिना घरेलु मदिरा बिक्री गरिरहेको पाइएमा उक्त मदिरा जफत गरी नष्ट गर्ने र प्रचलित कानून वमोजिम कारवाही गर्ने निर्णय पनि गरिएको छ ।

यस्तै जिल्लास्थित विभिन्न स्थानमा रहेका मिठाइ पसलहरुमा अत्याधिक रङ र अखाद्य पदार्थ मिसाएको भए जफत गरी कारवाही गर्ने, सवारी साधनहरुमा तौल कम भएको मिठाइ डब्बामा बेच्ने गरेको पाइएमा पनि कारबाही हुने भएको छ । पान पसल र किराना पसल लगायतका जनरल स्टोरहरुमा इजाजतपत्र विना सुर्तीजन्य पदार्थको बिक्री गरेमा पनि कारबाही हुने जिल्ला सुरक्षा समितिले गरेको निर्णयमा भनिएको छ ।

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ अनुसार शिक्षण संस्था, स्वास्थ्य संस्था, बालकल्याण गृह र क्लबहरुबाट कम्तीमा एकसय मिटरको दुरी भित्र सुर्तीजन्य पदार्थ विक्री वितरण रोक लगाउँदै निर्णय विपरित कार्य गरेको पाइएमा सोही ऐन बमोजिम आवश्यक कारवाही गरिने चेतावनी समेत प्रशासनले दिएको छ ।

# कञ्चन वनमा मनाइयो होली

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको बहुचर्चित माध्यमिक परिक्रमामा सहभागी साधु सन्त तथा श्रद्धालुहरुले सोमवार कञ्चनवनमा रंगअबिर र गुलाल उडाउँदै होली मनाएका छन् ।

त्रेता युगमा भगवान राम र सीताले कञ्चन वनमा होलि खेलेको सम्झनामा १५ दिने परिक्रमा यात्रामा सहभागिहरु रंग ,गुलाल र अबिर एक आपसमा दलेर खुशियाली साटासाट गर्दै होलीको शुभकामना आदान प्रदान गरि होलि मनाएका हुन् ।




ध्रुवकुण्डबाट सोमवार विहानै कञ्चनवन पुगेका परिक्रमा यात्रामा सहभागि साधु, सन्त, महन्थ, नागा, गृहस्थ लगायतका श्रद्धालुहरुले सबै एक आपसमा मिलेर नाच्दैं गाउँदै होली मनाउँदा सवै परिक्रमावासीको अनुहार र कपडा रंगअबिरले रंगीचंगी देखिएको थियो ।

कञ्चनवन पुगी जनकपुर स्थित राममन्दिरका महन्थ र जानकी मन्दिरका महन्थहरुले एक आपसमा होली खेली मिथिलाञ्चलमा होलीको शुरुवात गर्ने गर्दछन् । वसन्तपञ्चमीदेखि नै फागु पर्वको शुरुवात भएको मानिएपनि मिथिलाञ्चलमा परिक्रमा यात्रिले कञ्चनवनमा होली खेलेपछि मात्रै होलिको विधिवत शुरुवात हुने परम्परा रहेको छ ।

धनुषा स्थित कचुरीको मिथिला बिहारी कुटीबाट मिथिला बिहारी तथा अग्नि कुण्डबाट किशोरी जीको डोलाका साथ हनुमानगढिबाट शुरु भएको परिक्रमाका यात्रुहरु कल्याणेश्वर फुलहर ,मटिहानी , जलेश्वर ,मडै , ध्रुवकुण्ड हुँदै शनिबार कञ्चनवन पुगेको हो ।

मिथिला महात्मय अनुसार अठारौं सताब्दीदेखि माध्यमीकि परिक्रमाको रुपमा मनाईदैं आएको यस धर्मयात्राका सहयात्रिले रात्रि भजन किर्तन गरि १५ दिन विताउने गर्दछन् ।

विश्वकै सर्वाधिक लामो समय सम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रुहरु जनकपुरधामको हनुमानगढीबाट शुरुवात गर्दै भारतको कल्याणेश्वर, फुलहर, महोत्तरीको मटिहानी, जलेश्वर, मडै ध्रुवकुण्ड, कञ्चनवन, हुदैं धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरहीमा एक एक रात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुरधाम आईपुग्छन र पूर्णिमाको दिन जनकपुरधाममा नगरको परिक्रमाको रुपमा अन्तगृह परिक्रमा गरि होलि खेलि १५ दिवसीय यात्रा सम्पन्न गर्ने छन ।

सुख समृद्धि मानसिक शान्ति तथा चारधामको दर्शन गरे बराबरको फल प्राप्ती हुने जनविश्वासका साथ यस धर्म यात्राका यात्रुहरुले नेपालको १ सय ७ तथा भारतको २६ गरी १ सय ३३ किलोमिटर भुमिको पैदल यात्रा गर्ने मान्यता रहेको छ । यात्रामा नेपाल भारतका लाख भन्दा बढी साद्युसन्त महन्थ र गृहस्थहरुको सहभागिता रहेको छ ।

नेपाल र भारतको सामाजिक सदभावको सेतुको रुपमा रहेको यो परिक्रमा धार्मिक, ऐतिहासिक र पूरातात्विक महत्तवको परिचय दिने गर्छ । मिथिला परिक्रममा सहभागि हुनेले १५ विश्रामस्थलमा नाङ्गो खुट्टा पैदल हिंडेर यात्रा गर्नु पर्ने हुनाले परिक्रमा यात्रालाई कठोर धार्मिक यात्राको रुपमा पनि हेर्ने गरिन्छ ।

परिक्रमाका सहभागिहरु १५ दिन सम्म लसुन, प्याज र माशाहारी भोजनको परित्याग गर्ने र एक छाक मात्रै खाना खाने प्रचलन समेत रहि आएको छ । साथै परिक्रमा यात्रिले परिक्रमा अवधि भर गृह प्रवेश नगर्ने र खुल्ला आकास मुनि पाल टाँगेर वनवासी जीवन बिताउने गर्छन ।

१५ दिने यात्राको क्रममा यात्रिहरुले दिनरात मर्यादा पुरुषोतम राम र सिताको भजन किर्तन गर्ने र उनले आफनो जिवनमा मर्यादा विपरित कुनै काम नगरेको जस्तै परिक्रमा वासीले पनि परिक्रमा घुम्दा बनाईएको नियमपरिधि भित्रै रहेर यो यात्रामा सहभागि हुने यसको मूख्य विशेषता रहि आएको छ ।

परिक्रमामा सहभागि हुनाले मन वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पुरा हुने धार्मिक मान्यता रहिआएको परिक्रमाका सहभागिहरु बताउँछन । परिक्रमामा नेपाल भारतका साधु सन्त महन्थ लगायत लाख भन्दा बढी धर्मावलम्बीहरुको सहभागिता रहेको छ ।

मिथिलाको हरेक पर्व, त्योहारमा परिक्रमा गर्ने चलन पुरानो र अनिवार्य रहेको पाईन्छ । मन्दिरमा होस वा कुनै पुजा पाठ अवश्यनै मन्दिरको एक फन्का घुम्ने कार्य गर्ने गरिन्छ त्यस कार्यलाई नै परिक्रमा भन्नेर परिभाषित गरेको पाईन्छ। परिक्रमा कुनै निश्चित स्थानको एक फन्को घुम्नुलाई वुझिन्छ । विषेश गरि मिथिलामा विवाह देखि मृत्यु पर्यन्त समेत परिक्रमा गर्ने प्रचलन रहेको छ ।

परिक्रमा वृहत, मध्य र अन्तरगृह गरि तिन प्रकारको हुन्छ। वृहत परिक्रमा उत्तरमा हिमालय पर्वत श्रेणी, पूर्वमा कोशी, दक्षिणमा गंगा र पश्चिममा गण्डक सम्मको परिक्रमा पछि मात्र सम्पन्न हुने भएकोले आज भोलि यस्तो परिक्रमा गरिदैन ।

तर, मध्य परिक्रमा अठारौं शताब्दी भन्दा पूर्व देखि मनाईदै आएको विश्वास गरिन्छ । यो पहिला पहिला ५ दिन सम्म मनाईने गरिन्थ्यो । तर यो परिक्रमालाई २० औं शताब्दीमा आएर महात्मा सुरकिशोर दासले पाँच दिनबाट १५ दिनमा परिणत गरे। जसले गर्दा अहिले ती परिक्रमामा साघुसन्त, महन्थ, गृहस्थी, नागा लगायतका वृहद उपस्थिती हुने गर्छ ।

यो परिक्रममा भारत र नेपालको श्रद्धालुहरुको सहभागिता रहने गरेकोले यसलाई भारत र नेपालको सदभावको सेतुको रुपमा पनि लिने गरिन्छ। यसले आर्थिक टेवा समेत दिने गर्छ । तर परिक्रमाको प्रत्येक विश्रामस्थलको आ आफनौ विशिष्ट महत्वको रहेपनि अहिले अवस्था ती स्थलहरुको अवस्था दयनिय हुदैं गईरहेको छ । ती स्थलहरुमा रहेको जलाशय, मठ, मन्दिर सरकारी उपेक्षाको कारण जिर्ण बन्दै गएको छ ।

# सर्लाहीका लागि थापाको छुट्टै 'प्रतिज्ञा पत्र'

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही-४ का लागि नेपाली कांग्रेसका सभापति गगन थापाले छुट्टै प्रतिज्ञापत्र ल्याएका छन् । सोमबार सार्वजनिक गरिएको प्रतिज्ञापत्रमा यो क्षेत्रमा गर्ने कामबारे छुट्टै रुपमा उल्लेख गरेका छन् ।



प्रतिनिधि सभा निर्वाचनका लागि थापा सर्लाही-४ बाट उम्मेदवार बनेका छन् । अहिले घरदैलोमा रहेका थापाले प्रतिज्ञापत्रमा नौ बुँदे प्रतिज्ञा गरेका छन् । यसमा उनले 'मेरो प्रतिज्ञा, मेरा अभियान' भनेका छन् ।

उनले यस क्षेत्रमा पूर्वाधार विकासमा काम गर्ने प्रतिज्ञा गरेका छन्। 'कतै वर्षौंदेखि अलपत्र पुल छ, कतै डुवान समस्या छ त कतै बाँधको मर्मत अपरिहार्य छ। कतै नहर र सडक, कहीँ ढल निकास र खानेपानीको समस्या छ । कतै सिँचाइको असुविधा छ र त्यसका लागि बिजुली पनि चाहिएको छ भने कुनै ठाउँमा कृषि भण्डारण, कृषि औजार र पूर्वाधारको आवश्यक छ,' थापाले प्रतिज्ञापत्रमा भनेका छन्, 'बाटोदेखि बाँधसम्म थुप्रै पूर्वाधार निर्माण र मर्मत गर्नुपर्नेछ ।

ती कामहरू कुनै संघ सरकारसँग सम्बन्धित छन्, कुनै प्रदेशसँग। यी जुन जुन तहका सरकारसँग सम्बन्धित छन्, ती सरकारहरूसँग समन्वय गरेर म पूर्वाधारको समस्याको हल गर्नेछु। यो मेरो प्रतिज्ञा हो ।'

उनले विभिन्न समुदायमा पुग्दा स्वास्थ्य, शिक्षा, पोषणका साथै महिला, बालबालिकाका समस्या र विपन्न समुदायको उत्थानका लागि सुझाव पाएको बताएका छन् । सबै स्थानीय तहका ५१ वटै वडाका समस्याको सूची बनाएको र त्यसमा काम गर्ने उनले जनाएका छन् ।

थापाले यस क्षेत्रका बालबालिकाको शिक्षका लागि 'गुणस्तरीय शिक्षा- कापी कलम अभियान' सञ्चालन गर्ने उल्लेख गरेका छन् । स्वास्थ्य संस्थाहरू मार्फत घर नजिकै सहज रुपमा गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि 'सुलभ स्वास्थ्य- स्वस्थ नागरिक अभियान' ल्याएका छन् ।

त्यस्तै, आफ्नो क्षेत्रका किसानलाई बीउ, मल र मूल्य समयमा सुनिश्चित गर्न र ऋणको बोझमा थिचिनुपर्ने व्यथाको अन्त्यका लागि 'कृषि उत्थान, किसान गौरव अभियान' अघि सारेका छन् । बाढी र डुबानको जोखिम कम गर्न, बागमती र मनुस्मरा नदीको कटानलाई रोकी नागरिकको जीवन सुरक्षित गर्नको लागि 'प्राकृतिक स्रोत र विपद् व्यवस्थापन-संरक्षण अभियान' समेटेका छन् ।

उनको पाँचौ अभियान रोजागरीसँग सम्बन्धित छ । जसमा 'मिसन रोजगारी अभियान' नाम दिएर रोजगारी, अवसर र सीपको अभावले विदेश जानपर्ने बाध्यतालाई कम गर्न, सीप र बजारबीचको खाडल, पुँजीको अभाव अन्त्य गर्दै युवालाई उद्यमी र स्वरोजगार बनाउन काम गर्ने प्रतिज्ञा गरेका छन् ।

भारतीय सीमासँग जोडिएको करिब ३० किलोमिटर भूभाग सर्लाही-४ का नागरिकको सुरक्षा र सम्मानका लागि 'दशगजा उज्यालो अभियान' अघि सारेका छन्। त्यस्तै, महिला सशक्तिकरणका लागि 'महिला तथा बालबालिका, मेरो आवाज, मेरो अधिकार अभियान' चलाउने बताएका छन् ।

यसैगरी, मुसहर, चमार, डोम, पासवान, खत्वे लगायतका दलित समुदायमा भएको असमानताको अन्त्य गरी दलित समुदायको उत्थानका लागि थापाले ' दलित अधिकार, समता र न्याय अभियान'को अवधारणा अघि सारेका छन् । उनको नवौं अभियानमा मिथिला संस्कृतिसँग सम्बन्धित छ। संस्कृति संरक्षणका लागि 'मेरो संस्कृति मेरो पहिचान अभियान' चलाउने प्रतिज्ञा गरेका छन् ।

# भवानीपुरमा हरि पन्तको घरदैलो

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टीका पर्सा सभापति तथा पर्सा-१ का प्रतिनिधिसभा उम्मेदवार हरि पन्त वीरगञ्ज-१८ भवानीपुरमा घरदैलो तथा मतदाताहरूसँग भेटघाट कार्यक्रम गेरका छन्।



सोमवार आयोजित कार्यक्रममा जेनेजी, युवा, प्रौढ र वृद्धहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रमका क्रममा टोल-टोलमा स्थानीयवासीको उत्साहपूर्ण स्वागत, खुलेर गरिएको संवाद र सामूहिक उपस्थितिले चुनावी माहोललाई थप तातेको बनाएको सहभागीहरूले बताएका छन् ।

घरदैलो कार्यक्रममा विभिन्न पेशा, व्यवसाय र सामाजिक क्षेत्रमा आबद्ध व्यक्तित्वहरूको औपचारिक उपस्थिति रहेको थियो । स्थानीय स्तरमा प्रभाव राख्ने अगुवा तथा समाजसेवीहरूको सहभागिताले कार्यक्रमलाई अझै अर्थपूर्ण बनाएको आयोजक पक्षको दाबी छ।

स्थानीय सहभागीहरूले परम्परागत दलप्रति बढ्दो निराशा र वैकल्पिक राजनीतिक शक्तिको खोजी नै आफ्नो समर्थनको मुख्य कारण भएको बताएका छन् । "हामी परिवर्तन चाहन्छौं, पारदर्शिता र जवाफदेहितासहितको नेतृत्व चाहिन्छ," एक युवा सहभागीले भने, "त्यही आशा हामीले पन्तजीमा देखेका छौं।"

उनीहरूले सुशासन, भ्रष्टाचार नियन्त्रण र युवा पुस्तालाई निर्णय प्रक्रियामा अगाडि ल्याउने प्रतिबद्धताले आफूहरूलाई रास्वपातर्फ आकर्षित गरेको उल्लेख गरे। पछिल्लो समय देशव्यापी रूपमा वैकल्पिक राजनीतिप्रति देखिएको आकर्षण भवानिपुरमा पनि स्पष्ट देखिएको स्थानीयहरूको भनाइ छ ।

कार्यक्रममा पन्तले आफू जनताको विश्वासलाई मतमा मात्र सीमित नराखी विकास र सुशासनको परिणाममा रूपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरे। "राजनीति पदका लागि होइन, सेवा र परिवर्तनका लागि हो," उनले भने, "भवानीपुरको विश्वास मेरो लागि जिम्मेवारी हो, जसलाई परिणाममार्फत प्रमाणित गर्नेछु ।"

घरदैलो अभियानपछि भवानीपुरमा पन्तको पक्षमा सकारात्मक माहोल बनेको समर्थकहरूको दाबी छ। आगामी निर्वाचनमा उक्त क्षेत्रबाट प्राप्त हुने मत परिणामले पर्सा-१ को समग्र समीकरणमा प्रभाव पार्ने अनुमान गरिएको छ।

# कृषि स्नातक तहका विद्यार्थीहरूलाई अभिमुखीकरण

**टुडे समाचारदाता**

राजविराज । मधेश कृषि विश्वविद्यालयले अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।



विश्वविद्यालय अन्तर्गत कृषि संकायको कृषि महाविद्यालयमा चौथो व्याचका कृषि स्नातक तहका विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम सोमबार सम्पन्न भएको छ।

उक्त कार्यक्रममा डा. वैद्यनाथ महतोले विश्वविद्यालयको इतिहास र शिक्षाको महत्व लगायत विश्वविद्यालयलाई अग्रगामी गति दिन प्रदेश सरकार तथा सरोकारवालाहरू सबैले ध्यान दिनु दिनु पर्ने कुरामा जोड दिए । विद्यार्थीहरूले कडा परिश्रम, इमान्दारिता र अनुशासनमा रहनुपर्ने सुझाव दिए।

अनुसन्धान निर्देशक डा. कृष्णकुमार मिश्रले विश्वविद्यालयको स्थापना, शैक्षिक, अनुसन्धान तथा व्यवस्थापनका अवस्थाबारे प्रकाश पारेका थिए।

त्यस्तै परीक्षा नियन्त्रक डाक्टर राजनारायण यादवले मधेश कृषि विश्वविद्यालयको स्थापनादेखि हालसम्मको अवस्थाबारेमा बोलेका थिए । डा. भगवान ठाकुरले विश्वविद्यालयको स्थापना, शैक्षिक, अनुसन्धान तथा व्यवस्थापनका अवस्था र प्रगतिबारे प्रकाश परेका थिए । उनले विश्वविद्यालयमा शैक्षिक अनुशासन शिक्षा तथा कृषि शिक्षाको महत्वबारे जानकारी गराएका थिए।

यस अगाडि विश्वविद्यालयमा तीनटा ब्याच गरी १२५ भन्दा बढी विद्यार्थीहरू पठनपाठन गरिरहेका छन् सो मध्ये आधा जति महिला र प्रदेशका सबै जिल्लाहरू बाहेक कोशी प्रदेशका पनि विद्यार्थीहरू पठनपाठन गरिरहेका छन् । यस विश्वविद्यालयमा समावेशी क्लस्टरका दलित जनजाति आदिवासी मुस्लिम मधेशी महिला अपांग द्वन्द्व पीडित अपांग स्थानीय शहीद परिवारलगायतलाई पनि कोटा छुट्याइएको छ ।

यस विश्वविद्यालयले छोटो समयमा पठनपाठन शुरु गर्नुका साथै अनुसन्धान ल्याबको स्थापना पुस्तकालय स्थापना परीक्षणका स्थलको निर्माण जस्ता विभिन्न ठाउँमा जग्गा प्राप्ति गर्ने क्रममा रहेको छ । विश्वविद्यालय प्राप्त गरेको राजविराज १३ कृषि नगरमा २६ बिघा जमिन प्राप्त गरी आफ्नो भवन तयारी गर्ने क्रममा छ र निकट भविष्यमा आफ्नो भवनमा कक्षा सञ्चालन तथा प्रशासनिक गतिविधिहरु सञ्चालन गर्ने जनाइएको छ ।

उक्त कार्यक्रम मधेश कृषि विश्वविद्यालय कृषि संकायको दिन प्राध्यापक जय प्रकाश गुप्ताको अध्यक्षतामा भएको थियो । उक्त कार्यक्रममा विश्वविद्यालयका उपकुलपति डा. वैद्यनाथ महतो, रजिस्ट्रार डा.भगवान ठाकुर, पेशी विद्यालयका अनुसन्धान निर्देशक डा. कृष्णकुमार मिश्रा, परीक्षा नियन्त्रक प्राध्यापक डा. राजनारायण यादव तथा विश्वविद्यालयका उपप्राध्यापकहरू तथा कर्मचारी र विद्यार्थीहरूको उपस्थिति रहेको डा. एकराम हुसेनले जानकारी दिए । सो कार्यक्रममा रामनन्दन यादवले नयाँ विद्यार्थीहरूलाई स्वागत गरेका थिए।

# एमालेकी पूर्व सांसद रास्वपामा प्रवेश

**टुडे समाचारदाता**

लहान । नेपाल कम्युनिस्ट पार्टी (एमाले) परित्याग गरी नेकपा एमालेकी पूर्वसांसद सम्झना थपलिया राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा औपचारिक प्रवेश गरेकी छिन् ।

सिरहाको गोलबजारमा आयोजित विशेष कार्यक्रममा थपलियासहित एमालेका स्थानीय नेता तथा कार्यकर्ताहरू सामूहिक रूपमा रास्वपामा समाहित भएका हुन् । कार्यक्रममा रास्वपाका नेता तथा समानुपातिक उम्मेदवार पुरुषोत्तम यादवले नवप्रवेशीहरूलाई पार्टीमा स्वागत गरेका थिए ।

थपलिया २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा खस आर्य समूहबाट समानुपातिकतर्फ निर्वाचित सांसद हुन् । लामो समय एमालेमा सक्रिय राजनीतिक यात्रा गरेकी उनले केही समयअघि जिल्ला तहमा ' परिवारवाद' हाबी भएको तथा पुराना कार्यकर्ताको उचित मूल्याङ्कन नभएको आरोप लगाउँदै पार्टी छाड्ने घोषणा गरेकी थिइन् ।

रास्वपामा प्रवेशपछि उनले नयाँ राजनीतिक यात्रामार्फत पारदर्शिता, आन्तरिक लोकतन्त्र र कार्यकर्ताको सम्मानलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेकी छन् । पार्टीका स्थानीय नेताहरूले थपलियाको आगमनले सिरहामा रास्वपाको संगठन विस्तारमा थप बल पुग्ने विश्वास व्यक्त गरेका छन् ।

**पाठेघरको मुखको क्यान्सका लक्षण**

- अनियमित वा महिनावारी रोकिएपछिपनि रक्तस्राप हुनु ।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
- शारीरिक सम्बन्धपछि रगत बग्नु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु ।
- शरीर कमजोर हुनु ।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८